प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १६८ | काठमाडौं | बिहीबार, २२ असोज २०८३ | Prabhab National Daily | Thursday, 08 October 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

तीनकुने हिंसात्मक घटना

दुर्गा प्रसाईंसँगै तत्कालीन सिडिओ र प्रहरी नेतृत्वलाई कारबाही सिफारिस



■ प्रभाव संवाददाता

काठमाडौं– राष्ट्रिय मानव अधिकार आयोगले काठमाडौंको तीनकुने क्षेत्रमा भएको हिंसात्मक प्रदर्शन र झडपको घटनामा तत्कालीन सुरक्षा तथा प्रशासनिक नेतृत्व, आयोजक र प्रदर्शनकारी दुवै पक्षलाई जिम्मेवार ठहर गरेको छ।

आयोगले २०८१ चैत १५ गतेको उक्त घटनाबारे अनुसन्धान पूरा गरी बुधबार प्रतिवेदन सार्वजनिक गरेको हो। प्रतिवेदनमा तत्कालीन काठमाडौंका प्रमुख जिल्ला अधिकारी (सिडिओ), प्रहरी कमाण्डरहरू र प्रदर्शनका नेतृत्वकर्ताहरूमाथि कारबाही तथा पीडितहरूलाई क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिस गरेको छ।

'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान'ले आयोजना गरेको नागरिक सभा नियन्त्रणबाहिर गई अशान्त बनेपछि प्रहरीको गोली लागेर सबिन महर्जनको र प्रदर्शनकारीले घरमा आगो लगाउँदा समाचार संकलनमा खटिएका एभिन्युज टेलिभिजनका पत्रकार सुरेश रजकको जलेर मृत्यु भएको थियो। घटनामा प्रहरी र सशस्त्र प्रहरी गरी ७७ जना तथा ५१ जना प्रदर्शनकारी एवं सर्वसाधारणसहित कूल १२८ जना घाइते भएका थिए। आन्दोलनका क्रममा भाटभटेनी सुपरमार्केट, जडीबुटीस्थित सञ्चो कम्पनी, विभिन्न मिडिया हाउस, प्रभु कम्प्लेक्स र ३९ वटा सवारीसाधनमा आगजनी तथा तोडफोड भई ठूलो भौतिक क्षति पुगेको आयोगको प्रतिवेदनमा उल्लेख छ।

> आन्दोलनका कमाण्डर दुर्गा प्रसाईंलगायतका नेताहरूले मञ्चमा केन्द्रित नभई 'संसद् भवन जलाउनुपर्छ' जस्ता भड्काऊ अभिव्यक्ति दिँदै सुरक्षा घेरा तोड्न उत्तेजित पारेका कारण भीड हिंसात्मक बनेको मानवअधिकार आयोगको निष्कर्ष

आयोगको छानबिनअनुसार आन्दोलनका कमाण्डर दुर्गा प्रसाईंलगायतका नेताहरूले मञ्चमा केन्द्रित नभई 'संसद् भवन जलाउनुपर्छ' जस्ता भड्काऊ अभिव्यक्ति दिँदै सुरक्षा घेरा तोड्न उत्तेजित पारेका कारण भीड हिंसात्मक बनेको हो।

अर्कातिर, तत्कालीन प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारी, काठमाडौं प्रहरी प्रमुख एसएसपी विश्व अधिकारी, प्रहरी उपरीक्षक अपिलराज बोहोरा

⏭ क्रमशः पृष्ठ २ मा

कांग्रेसको नेतृत्व चुन्न आज मतदान

सभापतिमा गगनलाई समर्थन जनाउँदै राठौरले छाडे मैदान, खड्गी प्रतिस्पर्धामै

- राष्ट्रिय सभागृहमा बागमती प्रदेशका प्रतिनिधिहरु, खुलामञ्चमा कोशी, मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशका प्रतिनिधि, भ्रातृ तथा शुभेच्छुक संस्था र जनसम्पर्क समितिबाट महाधिवेशन प्रतिनिधिहरु र प्रज्ञा भवनमा गण्डकी र लुम्बिनी प्रदेशका प्रतिनिधिहरुका लागि मतदान केन्द्र
- बन्दसत्रबाट सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मा, महामन्त्री प्रदीप पौडेल, अर्का महामन्त्री गुरूराज घिमिरे र कोषाध्यक्ष उमेश श्रेष्ठले प्रस्तुत गरेका प्रतिवेदन पारित



नेपाली कांग्रेसको १५औं महाधिवेशनस्थलमा उम्मेदवारको प्रचारप्रसार गर्दै महाधिवेशन प्रतिनिधिहरू। तस्बिर: *रासस*

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाली कांग्रेसको नयाँ कार्यसमिति चयनका लागि आज मतदान हुँदै छ। कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत केन्द्रीय निर्वाचन समितिले बिहान १० बजेदेखि मतदानको समय तोकेको छ।

नयाँ कार्यसमितिका लागि हुन लागेको निर्वाचनमा विभिन्न पदका लागि ८०० जना उम्मेदवारको मनोनयन परेको छ। १५औं महाधिवेशनअन्तर्गत केन्द्रीय कार्यसमितिको निर्वाचनका लागि निर्वाचन समितिले सार्वजनिक गरेको उम्मेदवारहरूको अन्तिम नामावलीअनुसार पदाधिकारीमामात्र ७१ जनाको उम्मेदवारी परेको छ।

कूल २० पदाधिकारीमध्ये वरिष्ठ उपसभापति पदमा विश्वप्रकाश शर्मा निर्विरोध निर्वाचित भएका छन्। यसैगरी महिला उपसभापतिमा पुष्पा भुसाल निर्विरोध निर्वाचित भएको निर्वाचन समितिले जनायो। उपत्यकाको तर्फबाट केन्द्रीय सदस्य पदमा डा. अमिता प्रधान शाक्य निर्विरोध निर्वाचित भएकी छन्।

केन्द्रीय सदस्यका लागि उपत्यका क्षेत्रबाट उम्मेदवारी दिएकी यमुनादेवी श्रेष्ठले उम्मेदवारी फिर्ता लिएपछि उनी निर्विरोध निर्वाचित भएकी हुन्।

एक सहभापति पदमा गगन थापाकोमात्र उम्मेदवारी पर्ने बताइएको थियो। तर किशोरसिंह राठौर र श्यामकृष्ण खड्गीले उम्मेदवारी दर्ता गराए। गगनले विश्वस्त तुलाएपछि किशोरसिंहले उम्मेदवारी फिर्ता लिए तर खड्गीले उम्मेद्वारी फिर्ता नलिँदा गगन निर्विरोध निर्वाचित हुने बाटो बन्द भयो।

उपसभापतिका दुई उम्मेदवार देवराज चालिसे र डा. मिनेन्द्र रिजालले उम्मेदवारी फिर्ता लिएका छन्। तीन महामन्त्रीसहित २० जना पदाधिकारीको निर्वाचनमा सबैभन्दा बढी उम्मेदवारी खुला सहमहामन्त्रीमा नौ जनाको परेको छ। पिछडिएको क्षेत्रबाट सहममन्त्रीमा मनोनयन दर्ता गरेका मिन भाम र दलित क्लस्टरको सहमहामन्त्री पदमा उम्मेदवार बनेकी लक्ष्मी परियारले उम्मेदवारी फिर्ता लिएका छन्।

कूल २९७ सदस्यीय कार्यसमितिका चार जना सहमहामन्त्री र ६६ जना केन्द्रीय सदस्य मनोनीत हुने छन्। बाँकी २२७ पदका लागि हुन लागेको निर्वाचनमा विभिन्न क्लस्टरमा केन्द्रीय सदस्यमामात्र ७२९ जनाको उम्मेदवारी परेको छ। अन्तिम मतदाता नामावलीअनुसार केही क्लस्टर केन्द्रीय सदस्यमा उम्मेदवार घटेका छन् भने केहीमा बढेका छन्।

तीन स्थान, सात मतदान केन्द्र

कांग्रेसको नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि आज बिहान १० बजेदेखि साँझ ६ बजेसम्म मतदान हुने केन्द्रीय निर्वाचन समितिले जानकारी दिएको छ। महाधिवेशनमा सहभागी सात हजार २५५ प्रतिनिधिले कांग्रेसको आगामी नेतृत्व चयनका लागि मतदान गर्ने छन्।

केन्द्रीय निर्वाचन समितिका संयोजक एवं वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले बिहीबार बिहान ७ बजेदेखि मतदान गर्ने कार्यक्रम यसअघि सार्वजनिक गरिएको भए पनि वर्षा र केही प्राविधिक कारणले तीन घण्टा ढिलागरी सुरू गर्न लागिएको जानकारी दिए। मतदानका लागि काठमाडौंका तीन स्थानमा सात मतदान केन्द्र तोकिएको छ। राष्ट्रिय सभागृह, खुलामञ्च र प्रज्ञा भवनमा मतदान केन्द्र तोकेको हो। राष्ट्रिय सभागृहमा बागमती प्रदेशका प्रतिनिधिहरूले मतदान गर्ने व्यवस्था गरिएको छ।

त्यसैगरी खुलामञ्चमा कोशी, मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशका प्रतिनिधिहरूले मतदान गर्ने छन्। भ्रातृ तथा शुभेच्छुक संस्था र जनसम्पर्क समितिबाट महाधिवेशन प्रतिनिधि बनेकाहरूका लागि पनि खुलामञ्चमै मतदान गर्ने व्यवस्था गरिएको निर्वाचन समितिले जनाएको छ। प्रज्ञा भवनमा गण्डकी र लुम्बिनी प्रदेशका प्रतिनिधिहरूका लागि मतदान केन्द्र तोकिएको छ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

मलेसिया रोजगारीमा 'सिण्डिकेट' प्रकरण


नोभेम्बर ५ देखि एफडब्ल्युसिएमएस लागू हुने भन्दै बेस्टिनेटले पठायो 'मेमो'

- हालको प्रणालीअनुसार बायोमेडिकल दर्ता गर्ने 'कट अफ' मिति अक्टोबर १५ तोकियो
- नोभेम्बर ५ देखि श्रमिक भर्तीको काम प्रिन्सिपल रिक्रुटिङ एजेन्सी (पिआरए) र एसोसिएट रिक्रुटिङ एजेन्सी (एआरए) बाट मात्र हुने

■ ममता थापा

काठमाडौं– मलेसिया रोजगारीमा सीमित संस्थाको मात्र पहुँच हुनेगरी ल्याइएको नयाँ प्रणाली रोक्न सरकारले कूटनीतिक पहल गरिरहेको समयमा मलेसियाले स्वास्थ्य संस्था (मेडिकल सेन्टर)हरूको नाममा जारी गरेको 'मेमो'ले तरंग ल्याएको छ।

मलेसियाको बेस्टिनेट एसडिएन बिएचडीले मंगलबार मलेसिया जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्ने नेपालका स्वास्थ्य संस्थाहरूलाई सम्बोधन गर्दै आगामी नोभेम्बर ५ (कात्तिक १९) देखि नयाँ प्रणाली अर्थात् फरेन वर्कर्स सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम (एफडब्ल्युसिएमएस) कार्यान्वयनमा आउने जानकारी दिएको हो।


MEMO

NEPAL TRANSITION: BIO-MEDICAL AND VDR CUT-OFF DATES

No: BSB-OPS-MM-NPL-11-V1.0

To	All Existing Medical Centres (MCs) and Recruitment Agents (RAs)
From	Bestinet Sdn. Bhd.
Effective Date	6 October 2026
Subject	NEPAL TRANSITION: BIO-MEDICAL AND VDR CUT-OFF DATES

Dear All Existing Medical Centres (MCs) and Recruitment Agents (RAs),

With reference to KSM/DP/(S1)/363 JLD.13 (46) from the Ministry of Human Resource Malaysia this memorandum sets out the cut-off dates and preparation requirements for the transition from the existing recruitment arrangement to the Principal Recruitment Agency (PRA) and Associate Recruitment Agency (ARA) process for Nepal, scheduled for implementation on 5 November 2026.

Bestinet Sdn. Bhd. operates, supports and maintains FWCMS for the Government of Malaysia. In this transition, it will implement the required system arrangements and provide technical support and training. Approval or recognition of recruitment agencies and decisions on VDR applications remain with the relevant government authorities. System registration or account activation does not constitute approval or appointment by Bestinet.

Date	Activity
28 October 2026	PRA System Registration and Account Activation Training – Document preparation, registration requirements and system procedures.
4 November 2026	PRA Registration Invitations – Official links issued for system registration and subsequent account activation.
15 October 2026	Final cut-off datetime for Bio-Medical registrations under the existing arrangement. For this purpose, the registration is considered complete when the worker's Bio-Medical registration has been successfully submitted and recorded in FWCMS by 15 October 2026.
After PRA activation	Start date for new Bio-Medical registration from new registered 25 PRA's.

मेमोमा उक्त मितिदेखि श्रमिक भर्तीको काम प्रिन्सिपल रिक्रुटिङ एजेन्सी (पिआरए) र एसोसिएट रिक्रुटिङ एजेन्सी (एआरए) बाट मात्र गरिने भनिएको छ।

एफडब्ल्युसिएमएसमा यसअघि नै नेपालका २५ संस्थालाई प्रिन्सिपल रिक्रुटिङ एजेन्सी तथा २५० संस्थालाई एसोसिएट रिक्रुटिङ एजेन्सीका रूपमा सूचीकृत गरिएको छ। यी २७५ संस्थाबाट मात्र श्रमिक लिनेगरी मलेसिया अगाडि बढ्दा नेपालका बाँकी व्यवसायीहरू यसविरुद्ध संघर्षरत रहेका छन्।

एकाधिकार (सिण्डिकेट) लागू हुने एफडब्ल्युसिएमएस नेपालको कानुनविपरीत र दुई देशबीचको द्विपक्षीय सम्झौताविपरीत हुने भन्दै नेपाल सरकारले यसलाई स्वीकार्न नसकिने प्रस्ट पारिसकेको छ। प्रधानमन्त्री वालेन्द्र शाह आफैंले मलेसियाका समकक्षीसँग यो विषयमा टेलिफोन वार्तामार्फत कुरा गरे पनि मलेसिया आफ्नो अडानबाट पछि हट्ने संकेत देखाएको छैन। त्यसैको उदाहरण मंगलबार जारी 'मेमो' बनेको छ।

⏭ क्रमशः पृष्ठ २ मा

फण्डा फर्याँक्ने काम भयो: संघ

वैदेशिक रोजगार व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले भने बेस्टिनेटले पठाएको मेमो फण्डामात्र भएको दावी गरेको छ। बेस्टिनेटले आफ्नो स्वास्थ्य परीक्षण गराउने संस्थाहरूलाई उक्त मेमोमार्फत रजिस्टर्ड रिक्रुटिङ एजेन्सीकोमात्रै मेडिकल लिनु भने पनि ती संस्थाहरूले नेपालको कानुन मान्ने कि विदेशी संस्थाको निर्देशन मान्ने भन्ने प्रश्नको विषय भएको संघका अध्यक्ष डिकबहादुर खत्रीले बताए।

'बेस्टिनेटले उसका स्वास्थ्य संस्थाहरूलाई मेमो पठायो। तर ती संस्थाले बेस्टिनेटको निर्देशन मान्ने हो कि नेपालको कानुन मान्ने ?,' उनले भने, 'बेस्टिनेटले यो मेमो आफ्नो बेवसाइटमा आधिकारिकरूपमा पनि हालेको छैन। यो लेखेर पठाइदिउँ न भनेर फण्डा फर्याँक्ने कामहरू भइरहेको छ।' २५ वटा प्रिन्सिपल रिक्रुटिङ एजेन्सीले पनि मन्त्रालयलाई त्यो प्रणालीअन्तर्गत श्रमिक पठाउँदैनौं भनेकाले नयाँ प्रणाली लागू नहुने खत्रीको भनाइ छ।

⏭ क्रमशः पृष्ठ २ मा

जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत

* जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
* बाढी, पहिरो, डुवान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
* वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
* नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
* वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
* जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
* प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
* जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।
* जलवायु परिवर्तनको असरबारे सचेत बनौं, जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमशः

कांग्रेसको नेतृत्व...

सम्बन्धित प्रदेश तथा समूहका प्रतिनिधिले तोकिएको मतदान केन्द्रमा पुगेर मतदान गर्नुपर्ने छ। मतदानका क्रममा प्रतिनिधिको परिचय तथा मतदाता नामावली रुजु गरेपछि मात्र मतदान गर्न पाउने व्यवस्था गरिएको छ।

देउवा नआउँदा मिठो लाग्रेको छैन: गगन

कांग्रेस सभापति गगन थापाले पार्टीका पूर्वसभापति शेरबहादुर देउवा महाधिवेशनमा नआउँदा दु:ख लागेको बताएका छन्। 'म यहाँ नआउनुभएका नेताहरूलाई पनि आग्रह गर्न चाहन्छु, महाधिवेशनको मञ्चबाट आग्रह छ, यो पार्टी तपाईं हामी सबै मिलेर बनाएको हो। पार्टीका निवर्तमान सभापति श्रद्धेय शेरबहादुर देउवाले आफ्नो जीवनकालमा यति लामो संघर्ष गर्नुभएको छ। यो पार्टी निर्माणमा यति ठूलो योगदान छ। त्यसैले हामीलाई मिठो लागेको छैन। पार्टीमा लामो समय योगदान दिएका नेताहरू पनि यहाँ भइदिएको भए भन्ने लागेको छ, भोलिको दिनमा हामी उहाँहरूलाई सँगै लिएर जान चाहन्छौं,' थापाले भने।

थापाले पार्टी विधानत: अघि बढिसकेकोले अब सर्वोच्च अदालतको आश गरेर नबस्न देउवालाई आग्रहसमेत गरे। देउवा समूह आधिकारिकताको दाबी गर्दै सर्वोच्चको आदेशको पर्खाइमा रहेको विषयमा थापाले यस्तो बताएका हुन्। 'हिजो पनि सर्वोच्च अदालतले कांग्रेसको वैधानिकताका बारेमा संवैधानिक इजलासमा बहस गर्नुपर्छ भन्ने अर्को निवेदनलाई फेरि दरपीठ गरिदियो। पार्टीकै विधानको व्यवस्था अनुसारले विशेष महाधिवेशन गऱ्यौं,' उनले थपे, 'अब तल कोही पनि अलमलिने होइन। अब पार्टीको रेल अगाडि बढ्यो। अब सरासर जाने, पार्टीको काम गर्ने हो।'

थापाले पार्टीभित्रको गुट र समूह समाप्त भएको घोषणासमेत छन्। बन्दसत्र समापन कार्यक्रममा बोल्दै थापाले कोइराला, पौडेललगायतका नाममा रहेका समूहसमेत अब नरहेको दाबी गरे। 'विशेष न विशेष, कोइराला-पौडेल सबै गुट सकियो। कुनै समूह छैन। आजदेखि सबै सकियो गुट,' थापाले भने।

सबै प्रतिवेदन पारित

महाधिवेशनअन्तर्गत बन्दसत्रमा सभापति थापा, उपसभापति शर्मा र महामन्त्री घिमिरेले प्रस्तुत गरेका प्रतिवेदन पारित भएको छ। शर्माले प्रस्तुत गरेको प्रस्तावमा लोकतान्त्रिक संस्कृतिमा भइरहेको क्षयलगायत समसामयिक राजनीतिक विषयलाई समेटिएको छ। बन्दसत्रले उक्त प्रस्ताव पारित गरेको हो।

प्रस्ताव पारित भएपछि उपसभाति शर्माले कांग्रेसको बन्दसत्रलाई खुला संसारले सुन्नेगरी प्रस्तुत गरिएको भन्दै यसलाई पनि ऐतिहासिक विषयका रूपमा व्याख्या गरे। 'बन्दसत्र पनि खुला संसारले सुन्ने गरी हामीले पेश गरेका छौं, यो पनि ऐतिहासिक हो,' शर्माले भने। उपसभापति शर्माले कांग्रेसले हार र जित दुवै अवस्थामा जनताको कुरा सुन्ने संस्कार विकास गर्नुपर्ने बताए।

महाधिवेशनको चौथो दिन खुलामञ्चमा आयोजित बन्दसत्रले प्रतिवेदन पारित गर्दै त्यसमा प्रस्तावित नीति तथा कार्यक्रमलाई अघि बढाउने बाटो खुला गरेको छ। प्रतिवेदन पारित भएपछि कांग्रेसलाई थप बलियो, व्यवस्थित र लोकप्रिय पार्टीका रूपमा अघि बढाउने प्रस्ताव कार्यान्वयनतर्फ जाने भएको छ।

बन्दसत्रबाट आज कोषाध्यक्ष उमेश श्रेष्ठले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन पनि पारित भएको छ। बन्दसत्रमा कोषाध्यक्ष श्रेष्ठले पार्टीको आर्थिक अवस्था, आय-व्यय तथा आर्थिक गतिविधिसम्बन्धी प्रतिवेदन प्रस्तुत गरेका थिए। छलफलपछि उक्त प्रतिवेदन बन्दसत्रले पारित गरेको हो।

■■■

दुर्गा प्रसाईसँगै...

र सशस्त्र प्रहरी उपरीक्षक शैलेश श्रेष्ठले जोखिमको सही मूल्यांकन नगरी एकीकृत सुरक्षा योजनाबमोजिम प्रभावकारी भीड नियन्त्रण गर्न नसकेको निष्कर्ष निकालिएको छ। बाटोमा हिँडिरहेका सर्वसाधारणलाई समेत गोली लागेकाले फिल्ड कमाण्डरहरूले हतियारको प्रयोगमा बदनियत वा लापरवाही गरे/नगरेको विषयमा अनुसन्धान गरी कारवाही गर्न सिफारिस गरिएको छ।

यस्तै, ८५ वर्ष नाघेका ज्येष्ठ राजनीतिज्ञ नवराज सुवेदीलाई विनाकुनै कानुनी पुर्जी र आदेश २५ दिनसम्म निवासमै (स्थानहदमा) नियन्त्रणमा राखेर नागरिकको स्वतन्त्रताको हक हनन् गरिएको आयोगले जनाएको छ। उक्त कार्यका लागि तत्कालीन प्रमुख जिल्ला अधिकारीलाई सचेत गराउँदै सुवेदीलाई २५ दिनको १२ हजार ५०० रूपैयाँ क्षतिपूर्ति दिलाउन निर्देशन दिइएको छ।

आयोगले मृतक सविन महर्जन र पत्रकार सुरेश रजकका परिवारलाई अन्य आन्दोलनका मृतकसरह राहत र क्षतिपूर्ति उपलब्ध गराउन तथा घाइतेहरूको नि:शुल्क उपचार सुनिश्चित गर्न भनेको छ। साथै, एकै दिन दुई फरक विचारधाराका समूहलाई संवेदनशील क्षेत्रमा प्रदर्शनको अनुमति नदिन, सुरक्षा निकायले म्याद नाघेका अश्रुग्यास प्रयोग नगर्न र सामाजिक सञ्जाल तथा एआईको दुरूपयोग गरी भ्रम फैलाउने कार्यलाई कानुनी दायरामा ल्याउन पनि सरकारलाई सिफारिस गरिएको छ।

■■■

नोभेम्बर ५ देखि...

बेस्टिनेटले मलेसियाको मानव संसाधन मन्त्रालयको पत्रका आधारमा मिति तय गरिएको भनेको छ। उक्त संस्थाले नयाँ प्रणाली कार्यान्वयनका लागि तालिकासमेत बनाएर पठाएको छ। जसअनुसार अक्टोबर २६ मा स्वास्थ्य परीक्षण गर्ने संस्था पिआरए प्रणालीमा दर्ता हुनुपर्ने, खाता सक्रिय गर्ने र त्यससम्बन्धी तालिम हुने भनिएको छ। त्यस्तै, ४ नोभेम्बरमा पिआरए दर्ताका लागि आधिकारिक निमन्त्रणा, लिंक उपलब्ध गराइने र खाता सञ्चालन हुने जनाइएको छ। नोभेम्बर ५ बाट पिआरए र एआरए प्रणाली लागू हुने उल्लेख गरिएको छ। नयाँ प्रणाली सक्रिय भएपछि त्यसमा सूचीकृत २५ वटा पिआरएबाट नयाँ बायोमेडिकल दर्ता सुरु हुने जनाइएको छ।

उक्त मेमोमा विद्यमान प्रणालीअनुसार बायोमेडिकल दर्ता गर्ने 'कट अफ' मिति अक्टोबर १५ सम्म हुने उल्लेख गरिएको छ। मेडिकल सेन्टरहरूले त्यसअघि बायोमेट्रिक दर्ता, स्वास्थ्य परीक्षण, ल्याब रिपोर्ट, आवश्यक परे पुन: परीक्षणलगायतका काम पूरा गरिसक्नुपर्ने मेमोमा जनाइएको छ। सो मितिसम्म श्रमिकको बायोमेडिकल एफडब्ल्युसिएमएसमा पेस गरिसक्नुपर्ने जनाइएको छ।

मेमोमा पुरानो प्रणालीमा रहेका योग्य श्रमिकको भिसाको प्रक्रिया पूरा गर्न पनि समयसीमा तोकिएको छ। जसअनुसार ३१ अक्टोबरसम्म भिसा विथ रिफरेन्स (भिडिआर) सबमिसन गर्न मेडिकल सेन्टर र म्यानपावर एजेन्सीलाई निर्देशन दिइएको छ। भिडिआर बुझाएपछि श्रमिकको भिसा आउँछ र मलेसिया प्रस्थान गर्न पाउँछन्।

युवा, श्रम तथा रोजगार मन्त्रालयले गत असोज १२ गते एफडब्ल्युसिएमएसमा सूचीकृत नेपालका संस्थाहरूलाई उक्त प्रणालीबाट हटाउन मलेसियालाई परराष्ट्र मन्त्रालयमार्फत कूटनीतिक नोट पठाइसकेको छ। त्यसअघि दुवै देशका सरकार प्रमुख र श्रम मन्त्रीबीच पनि यो प्रणाली मान्य नहुने भन्दै टेलिफोन संवाद भइसकेको अवस्थामा मलेसियाबाट यस्तो मेमो आउनुलाई गम्भीर रूपमा हेरिएको छ।

■■■

फण्डा फर्याँक्ने...

यस्ता प्रणाली स्थापित भए विदेशी गिरोहले भविष्यमा नेपालको श्रम आप्रवासन चलाउने उनको भनाइ छ। मलेसिया र नेपालबीच श्रम सम्बन्ध भएकाले यदि यस्ता निर्णयहरू आउने हो भने कूटनीतिक नोटमार्फत आउनुपर्ने अध्यक्ष खत्रीले बताए।

तोकिएको भाडाभन्दा बढी लिए कारबाही

काठमाडौं (प्रस)– नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले चाडपर्वको समयमा तोकिएकोभन्दा बढी सवारी भाडा नलिन सम्बद्ध सबैलाई आग्रह गरेको छ।

महासंघका महासचिव डेकनाथ गौतमका अनुसार सरकारले तोकेकोभन्दा बढी भाडा लिने सवारीसाधनलाई कारबाही गरिने जानकारी दिए। सरकारले यस वर्षको दसैंका लागि यही असोज २३ गतेदेखि देशभरका यात्रुवाहक सवारीसाधनको अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय गरिसकेको छ।

यात्रु तथा मालवाहक यातायात सञ्चालनलाई सहज, व्यवस्थित र सुरक्षित बनाउन यातायात व्यवस्था विभाग, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, मजदुर संघ-संगठन, प्रहरी प्रधान कार्यालय तथा उपत्यका ट्राफिक प्रहरी कार्यालयबीच अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय गरेको थियो।

महासंघले सात प्रदेश, जिल्ला समिति तथा सदस्य संघ-संस्था र काठमाडौंको गोंगब बसपार्कमा कार्यरत शाखा प्रमुख तथा कर्मचारीलाई आवश्यक निर्देशन दिएको छ। महासंघका अनुसार अग्रिम टिकट बुकिङ काउन्टरमा खटिने कर्मचारीले तोकिएको पोसाक र परिचयपत्र अनिवार्य लगाउनुपर्ने छ। यात्रुसँग नम्र व्यवहार गर्दै सहजरूपमा टिकट उपलब्ध गराई सुरक्षित यात्राको सुनिश्चितता गर्नुपर्ने छ।

दसैंको भीडलाई व्यवस्थापन गर्दै यही असोज २५ गते घटस्थापनादेखि आगामी कात्तिक ८ गतेसम्म नारायणगढ-काठमाडौं सडकखण्डमा ट्रेलरलगायत ठूला सवारीसाधन सञ्चालनमा रोक लगाइने छ। प्रचलित कानुनअनुसार खाद्य सामग्री, औषधि, फलफूल तथा अन्य अत्यावश्यक सामग्री बोकेका सवारीसाधनको आवतजावतमा भने कुनै रोक लाग्ने छैन।

त्यसैगरी, घटस्थापनादेखि आगामी कात्तिक १० गतेसम्म यात्रुवाहक सवारीसाधनका लागि नेपालभर लामो तथा मध्यम रुट परमिट खुला गरिएको छ। सडकको विशेष प्रकृतिका कारण निश्चित आकार-प्रकारका सार्वजनिक सवारीसाधन सञ्चालनमा लगाइएको प्रतिबन्ध भने यथावत् रहने महासंघले जनाएको छ।

काठमाडौं उपत्यकाका प्रमुख नाकामा स्थापना गरिएका यात्रु सहायता कक्षको अनुगमन तथा सहजीकरणका लागि यातायात व्यवस्था विभागले 'फोकल पर्सन'सहितको टोली परिचालन गर्ने छ। महासंघका तर्फबाट गोंगबु बसपार्क, कलंकी, कोटेश्वर, गौशाला तथा चाबहिल क्षेत्रमा जिम्मेवारी तोकिएको छ। यात्रुवाहक सवारीसाधनको 'फिटनेस' परीक्षणलाई प्राथमिकता दिइएको छ। यातायात व्यवस्था विभागको सवारी परीक्षण कार्यालय, टेकुबाट प्राविधिक कर्मचारी खटाई गोंगबु बसपार्कमै सवारीसाधनको नि:शुल्क फिटनेस परीक्षणको व्यवस्था मिलाइने छ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/१०/२३ मा दर्ता कायम भएको **दिप सव-मनि ट्रान्सफर प्रा.लि.** (**दर्ता .नं. ८०१८९**) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/२१ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर

इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०६/१८ मा दर्ता कायम भएको **आजंनिक हेल्थ केयर सप्लायर्स प्रा.लि.** (**दर्ता .नं. २७४३३७**) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/२१ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर

इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०८/१० मा दर्ता कायम भएको **श्रीमनकामना क्लिनिक प्रा.लि.** (**प्रा.लि.नं. १५९०२७/०७३/०७४**) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/२१ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर

इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७५/०५/२२ मा दर्ता भएको श्री **गोकर्ण रुफ टप होटल प्रा. लि. (प्रा. लि. नं. १५८१२५)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/१२/०५ मा दर्ता भएको **प्रा.लि. नं. १४६७१०/०७२/०७३** को **पाठशाला नेपाल अर्घाखाँची प्रा. लि.** को मिति २०८३/०६/२१ गतेमा सम्पन्न एकल शेयर धनिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४

ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२२ गते

यस कम्पनीको मिति २०८३/०६/१० मा सम्पन्न भएको विशेष साधारण समाद्वारा यस **डिमाण्ड इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि.**को नाम परिवर्तन गरी **डिमाण्ड इन्जिनियरिंग कन्स्ट्रक्सन एण्ड कन्सल्टिङ प्रा.लि. (दर्ता नम्बर १५४३२८)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/१६ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०८०/०९/२९ मा दर्ता भएको **प्रा. लि. नं. ३२७२७०** को **त्रि सान आर्किटेक्ट्स प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०६५/०४/०१ मा दर्ता भएको **प्रा. लि. नं. ५४५२५** को **शुभ शान्ति फिल्मस् मेकर्स प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती–प्रदेश नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः मितिः २०८३/०६/२२

यस कार्यालयका सडक योजना निर्माण सम्बन्धि मिति ०८३/०५/१८ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रित पुर्वक पेश हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरुको नियमानुसार अध्ययन, जाचँ परिक्षण तथा मुल्याङकन गर्दा तपसिल बमोजिमका निर्माण कम्पनिहरुले पेश गरेका प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रवाभग्राही देखिएकोले सो निर्माण कम्पनिहरुले पेश गरेको आर्थिक प्रस्ताव निम्न बमोजिमको मिति, समय र स्थानमा खोलिने व्यहोरा सार्वजनिक खरिद नियमावली २०६४ नियम ३१ ज (५) अनुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

S.N.	Name of the Project	Name of The Successful Bidders in Technical Evaluation	Date, Time And Place for Opening Financial Proposal
1	Construction of Likche Ghyansintar Newarpani Motorbato Yojana,Kailash-04 (KRM/NCB/LGNEM/BN-01/2083/084)	• Rojina Construction Pvt. Ltd., Hetauda-17,Makwanpur • Lattinath-Santosh-P.S JV,Hetauda- 5, Makwanpur • Krishna Manju Construction Pvt. Ltd.,Hetauda-10, Makwanpur • Pandey -HUB JV,Dhunibesi-6, Dhading • Shubha Bihani Construction Company Pvt. Ltd • Gole-TALBARAHI JV, Hetauda, Nepal • Sundar Nepal-B & B Construction J.V.,Hetauda-07, Makawanpur	14th October, 2026 10:00 A.M Kailash RM office, Kalikatar (मिति २०८३/०६/२८ गते बिहान १० बजे कैलाश गाउँपालिकाको कार्यालय, मकवानपुर)
2	Construction of Manedada Waksirang Salbas Sadak, Kailash-8 KRM/NCB/MWSS/BN-02/2083/084	• Bhuwaneshwori Builders PVT. LTD. Godawori-13 Lalitpur • Kapil/K B and Shyangbo J.V • Sundar Nepal Nirman Sewa- Hetauda-02, Makwanpur • Pandey & Rupakheti Construction & Heavy Equipment Pvt. Ltd.,Dhunibesi-6,Dhading • Timely Construction Pvt. Ltd, Chandragiri- 3, Kathmandu • Seven-Jarga-Laligurnas JV • Gole Construction, Hetauda, Makwanpur • B&B- Niharika J.V.,Hetauda, Makawanpur • Rasila-Singla-Chhailing Joint Venture, Kathmandu	
3	Construction of Karkidada Chapakharka Kyureni Kholakharka Baikuntha Sadak,Kailash-6,1 & 2 KRM/NCB/KCKBS/BN-03/2083/084	• Rojina Construction Pvt. Ltd.,Hetauda- 17, Makwanpur • Pandey & Rupakheti Construction & Heavy Equipment Pvt. Ltd., Dhunibesi-6, Dhading • Seven Rainbows-Jarga & Brothers JV • Rasila-Singla-Chhailing Joint Venture, Kathmandu	

प्रमुख प्रशासकीय अधिकृत

कुवेतमा रोजगारको अवसर **Free Visa!! Free Ticket!!**

कम्पनी : FOUR SEASONS HOTELS

पूर्व स्वीकृति मिति : २०८५/०८/०४ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/०७ LT. No. 344394 चलानी नं. ६०२५७७६३

दि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cook General	1	0	163	८१,२४४	क.का. अनुसार	८ घण्टा	६ दिन	क.का. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २५ गते (15th Oct. 2026) मा हुनेछ ।

रजदेशमा गरिने पि-मेडिकल खर्च कसले व्यहोर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रजदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने	भिसा शुल्क कसले दिने	कल्याणकारी कोषमाथिको व्यवस्था	सेवा शुल्क:	अनिवार्यिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिसा रद्दीफाड शुल्क कसले व्यहोर्ने
रोजगारदाता कम्पनीले	दिने	रोजगारदाता कम्पनीले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००/- रोजगारदाता कम्पनीले	नि:शुल्क	रु.७००/- रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गरगहुको जानकारी :- १. भिसा प्रशल भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस । २.आफ्नु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कूटनैतिक निकायको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । ३.आफ्नु कम्पनीमा पठाउने सम्पर्क गर्ने व्यक्तिको हुनु । ४.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र शुल्कको बारेमा स्पष्ट हुनुहोस् । ५.विदेश जानु अघि अभिमुखिकरण को प्रमाणपत्र लिनमा अनिवार्य लिइनुपर्नेछ । ६.विदेश जानु अघि आफूले गर्ने सुरक्षा, कामदेने कम्पनी, पाउने सेवा तथा सुविधा अन्य लगायत राखी सोमा पक्ष भर सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक प्रति आफूसंग राख्नुहोला । ७.काममा विदेश जादा नेपालकै विमालयमा प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ८.यस विज्ञापन सम्बन्धमा थप केहि कुरामुरमा वैदेशिक रोजगार विभाग, ताहाचालमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com

श्रम इजाजत नं. ८२२/०६६/०६७

‘निम्स दाइ’को कम्पनीको हेलिकप्टर अदालतबाट रोक्का

■ प्रभाव संवाददाता

काठमाडौं– ‘निम्स दाइ’ का नामले चर्चित पर्वतारोही स्वर्गीय निर्मल पुर्जाको हेलिकप्टर बिक्री तथा हक हस्तान्तरणमा अदालतले रोक लगाएको छ । काठमाडौं जिल्ला अदालतले पुर्जाको सेयर स्वामित्वमा रहेको मुस्ताङ हेलिकप्टर प्रालिको हेलिकप्टर बिक्री तथा हक हस्तान्तरण रोक्का गर्ने आदेश गरेको हो ।

आरोही पुर्जाको गत साउन १६ गते पाकिस्तानको ब्रोड पिक हिमाल आरोहणका क्रममा हिमपहिरोमा परी मृत्यु भएको थियो । उनको मृत्युपछि उक्त हेलिकोप्टर बिक्रीमा रहेको सार्वजनिक भएसँगै अदालतले त्यसमा रोक लगाएको हो ।

काठमाडौं जिल्ला अदालतको यो आदेश घरधनीलाई क्षतिपूर्ति दिन यसअघि अदालतबाट भएको फैसला कार्यान्वयनसँग जोडिएको छ । पुर्जाको ट्रेकिङ कम्पनी इलाइट हिमालयन एड्भेञ्चर प्रालिमा आगलागी हुँदा भाडामा लिएको घर पूर्णरूपमा नष्ट भएकोमा उक्त घरका घरधनीलाई क्षतिपूर्ति नदिएका कारण हेलिकप्टर रोक्काको आदेश आएको अधिवक्ता अनन्तराज लुईंटेलले जानकारी दिए ।

कपनस्थित घरमा अनधिकृतरूपमा भण्डारण गरिएको अक्सिजन र एलपी ग्यास सिलिण्डर विस्फोट भई घर पूर्णरूपमा नष्ट भएपछि घरधनी टंक घिसिङ र दालमुकित्तर घिसिङ विगत पाँच वर्षदेखि कानुनी लडाइँमा थिए ।

बूढानीलकण्ठ नगरपालिका-११ स्थित घिसिङ दम्पतीको साढे दुई तल्ले आरसिसी घरमा निम्स दाइको कम्पनी ‘इलाइट हिमालयन एड्भेञ्चर प्रालि’ ले भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको थियो । सोही क्रममा कम्पनीले अनधिकृत रूपमा भण्डारण गरेको अक्सिजन तथा एलपी ग्यास सिलिण्डर विस्फोट हुँदा २०७९ असोज ५ गते घर पूर्णरूपमा नष्ट भएको थियो ।

उक्त मुद्दामा पुर्जाका साथै इलाइट हिमालयन एड्भेञ्चरका अन्य सञ्चालकहरू मिङ्माग्याबु शेर्पा (मिङ्मा डेभिड शेर्पा) र मिङ्मातेञ्जी शेर्पासमेत प्रतिवादी छन् ।

मिङ्माग्याबु राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का ताप्लेजुङबाट समानुपातिक सांसद हुन् । काठमाडौं जिल्ला अदालतले घिसिङ दम्पतीलाई एक करोड १४ लाख रूपैयाँ क्षतिपूर्ति दिलाउने फैसला गरेको थियो, जसलाई उच्च अदालत पाटनलेसमेत सदर गरिसकेको छ ।

गत साउन १६ गते पाकिस्तानको ब्रोड पिक हिमाल आरोहणका क्रममा हिमपहिरोमा परी निम्स दाइको निधन भएपछि उक्त हेलिकप्टर/सेयर बिक्री गर्न लागिएको चर्चा चलेको थियो । क्षतिपूर्ति नपाएपछि पीडितका कानुनी सल्लाहकार अधिवक्ता अनन्तराज लुईटेलको पहलमा फैसला कार्यान्वयनका लागि काठमाडौं जिल्ला अदालतमा निवेदन दिइएको थियो ।

सोही प्रक्रियाअनुसार कम्पनी रजिस्ट्रारको कार्यालयले यही असोज १३ गते (च.नं. कानुन ९५८) को पत्रमार्फत निम्स दाइ लिमिटेड लण्डनको नाममा रहेको मुस्ताङ हेलिकप्टरको सेयर रोक्का राखिएको जानकारी अदालतलाई गराइसकेको लुईटेलले बताए । अदालतको फैसला अनुसारको रकम नतिरी बिक्री गर्न लागिएको हेलिकप्टर रोक्का भएपछि घिसिङ दम्पती फैसला कार्यान्वयनको अन्तिम पर्खाइमा छन् भने अर्कोतर्फ निम्स दाइको कम्पनी उक्त फैसलाविरुद्ध सर्वोच्च अदालत पुगेको छ ।

मलेसियामा रोजगार कम्पनी : KSD GLOBAL SECURE GUARDS(M) SND.BHD

पूर्व स्वीकृति मिति : २०८३/०६/२० | LT. No. 349009 | चलानी नं. ६०२६२३०५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	SECURITY GUARDS	50	0	1700	४१,९७६	रु.दि अनुसार	८ घण्टा	६ दिन	रु.दि अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ असोज २४ गते (15th Oct. 2026) मा हुनेछ ।

स्वदेशमा बसेर पि.सेटिकल गर्दा कसले जम्मे र कति जम्मे	रोजगार कम्पनीमा सेटिकल गर्दा कसले व्यहोर्ने र कति लाग्ने	स्वदेशमा बसेर बिमा गर्दा कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिसा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (बसाइसहित)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अतिरिक्तसिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिसा रद्दीफण शुल्क कसले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २४९/- - कामदारले तिर्ने	रु. १,४०० - कामदार आफैले	नि:शुल्क	रु.७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १। आइनो नाममा बिमा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीले गई रकम फुकाउनु होला । कम्पनीको रोजको सेयर अनिवार्य नियुक्तोस । २। आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सधैभर राख्नुहोला । आफू अर्कोतर्फ पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३। यस विज्ञापन नुफ्नाभा उल्लेख भाएको भन्दा थप वहि रकम असिलाई नदिनुहोला । ४। विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डमन तालिम अनिवार्य लिनुपर्नेछ । ५। विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६। आममा विदेश जाँदा नेपालकै एजेन्टसँट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७। यस विज्ञापन सम्बन्धमा थप केही कुरामा परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Overseas Recruiting Manpower Pvt.Ltd
Kareshwor Marge- 31, Kathmandu, Nepal, Tel: +977 01 4533357, Mob: 9819803981, 9818958025
E-mail : info@sunlightmanpower.com, Web: www.sunlightmanpower.com

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

सूचना प्रकाशित मितिः २०८३/०५/२२

श्री गेनुरबु तामाङको नाति, **श्री लाचरिङ तामाङको** छोरा, **मधेश प्रदेश, पर्सा** जिल्ला **पर्सागढी न.पा** वडा नं. **३** बस्ने **श्री सिव बहादुर गुरुङ भन्ने सिव बहादुर तामाङले** यस शाखामा पेन्सन खाता नं. **२३७१५२४०३०१६३५** संचालन गर्दै आउनु भएकोमा मिति **२०८१/०४/०२** मा निज खातावाला **श्री सिव बहादुर गुरुङ भन्ने सिव बहादुर तामाङको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **पत्नी** नाता पर्ने **श्रीमती जाइ माया तामाङ**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्री सिव बहादुर गुरुङ भन्ने सिव बहादुर तामाङको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने बेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
ठमेल शाखा, कार्यालय
फोन नम्बर: ०१४५१८५८२
फ्याक्स:- ०१४५१८४५३

कर्जा तिर्न आउने बारेको १५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८३/०६/२२ गते

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले व्यवसायिक प्रयोजनका लागि लग्नु भएको कर्जाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक-पटक मौखिक तथा लिखित रूपमा तर ताकेता गर्दा समेत कुनै चासो नदेखाई व्यवस्था गर्नु भएकोले कर्जा चुक्ता गर्न आउनु भनी यो १५ दिने सूचना प्रकाशित गरिएकोछ । यो सूचना प्रकाशित भएको १५ दिन भित्रमा यस सहकारी संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्नु होला अन्यथा १६ औं दिनमा तपसिलमा उल्लेखित जग्गा लिलाम बिक्रीमा गरिनेछ ।

धनी/ऋणी	जिल्ला	गा.वि.स	वडा नं.	कि.नं	क्षेत्रफल ब.मी
चमेली लामा 	ललितपुर	डुकुछाप	७ घ	१६१	०-५-०-०
	ऋण रकम : कि.न. १६१ मा मिति २०८३/०६/२२ गतेका दिन सम्ममा सावाँ ब्याज गरेर रु. २६,४७,३९३/- रहेको छ ।				

ऋणीको विवरण:	जमानीकताको विवरण:
ससुरा : राज कुमार लामा बबु : चन्द्र बहादुर लामा ऋणी : चमेली लामा ठेगाना : डुकुछाप-७, ललितपुर	बाजे : पूर्ण बहादुर लामा बाबु : राज कुमार लामा धन जमानी : सानु बाबु लामा ठेगाना : डुकुछाप-७, ललितपुर

धनी/ऋणी	जिल्ला	गा.वि.स	वडा नं.	कि.नं	क्षेत्रफल ब.मी
लक्ष्मी खनाल अधिकारी 	काठमाडौं	फुटुङ	८	२६६१	०-३-०-०
	ऋण रकम: कि.न. २६६१ मा मिति २०८३/०६/२२ गतेका दिनसम्म यस सहकारी सस्थाको लेना रकम रु.३८,५०,०००/- रहेकोछ ।				

ऋणीको विवरण:	जमानीकताको विवरण:
ससुरा : लेख बहादुर अधिकारी बाबु : धन बहादुर खनाल पति : राजेश्वर अधिकारी ऋणी : लक्ष्मी खनाल अधिकारी ठेगाना : धादिङ बद्रढाथद्रम ९ हाल : नागार्जुन-३ काठमाडौं	बाजे : डम्बर बहादुर अधिकारी बाबु : राम बहादुर अधिकारी धन जमानी : राजन अधिकारी ठेगाना : मनमैजु काठमाण्डौ

विवरण :

१ बोलपत्र फारम कार्यालय समयमा यस संस्थाको कार्यालय का.म.न.पा-०५, हाडीगाउँ, काठमाडौं, बाट प्राप्त गर्न सकिनेछ ।
२ लिलाम गोप्य शिलबन्दी बोलपत्रका आधारमा डाक बढाबढका आधारमा हुनेछ ।
३ अचल सम्पत्ति निरीक्षण गर्न चाहनेले बोलपत्र दाखिला गर्नु अधि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
४ बोलपत्र दाखिला गर्ने मिति २०८३/०७/१२ गते १ बजेसम्म ।
५ बोलपत्र पेश गर्दा बोलकबोल अंकको १०% ले हुने रकम धरौटी स्वरूप यस सस्थाको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा जम्मा गरी सक्कल भौचर, बोलपत्र फारम र नागरिकताको फोटोकपी सहित शिलबन्दी राखी पेश गर्नुपर्नेछ ।
६ बोलपत्र दाखिला गर्दा बोलपत्रको भित्र तथा बाहिरपट्टी जुन धितोको लागि बोलपत्र दाखिला गरेको हो, सो को विवरण उल्लेख गनु पर्नेछ ।
७ बोलपत्र खोलिने दिन बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थिती नभएपनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
८ रित नपुगेको वा म्याद भित्र दाखिल नभएको बोलपत्रहरू स्वत रद्द हुनेछ ।
९ बोलपत्र दाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ सात दिनभित्र आफूले कबोल गरेको सम्पूर्ण रकम बुझाई सुरक्षणमा रहेको सम्पत्ति आफनो जिम्मा लिनुपर्नेछ । सो म्याद भित्र नबुझाएमा धरौटी बापत जम्मा गरको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
१० बोलपत्र सहकारी सस्थाको कार्यालय का.म.न.पा. ५, हाडीगाउँमा मिति २०८३/०७/१३ गते दिनको २ बजे खोलिनेछ ।
११ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित हुनेछ ।
१२ सम्पत्ति दाखिल खारेज नामसारी गर्दा लाग्ने राजश्व सम्पूर्ण दै दस्तुर तथा शुल्क आदि सम्पूर्ण खर्च सकारकर्ता स्वयंले व्यहोनु पर्नेछ ।

पुनश्च: सो लिलामी प्रक्रियामा सहभागी हुन तथा अन्य जानकारीका लागि सहकारी सस्थामा सम्पर्क राख्नुहोला ।

सगरमाथा बहुउदेश्यीय सहकारी संस्था लिमिटेड
का.म.न.पा-०५, हाडीगाउँ, काठमाडौं, फोन नं.०१-५१०४५८८

बकैया गाउँपालिका
गाउँ कार्यपालिका कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

क्याटलग सपिङ्ग विधिबाट एम्बुलेन्स खरिद सम्बन्धी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२२

यस कार्यालयको लागि देहायका एम्बुलेन्स सार्वजनिक खरिद ऐन, २०६३ संसोधन सहितको दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ संसोधन सहितको नियम ३१ (ख) (१) बमोजिम त्यस्तो मेशिनरी उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरू बीच प्रतिस्पर्धा गराउने **(क्याटलग सपिङ्ग)** विधिबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरूले आफ्नो उत्पादनको आधिकारिक स्पेशिफिकेसन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले **८ (आठौं) दिन** दिनको १२:०० बजेभित्र यस कार्यालयमा निवेदन दर्ता हुनुपर्ने र दर्ता भएका निवेदनहरू सोही दिन दिनको २:०० बजे दिउँसो नियमानुसार खोलिने (सो दिन सार्वजनिक बिदा भएमा बिदा पछिको कार्यालय खुलेको दिन) हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.सं.	ठेक्का नं.	सवारी साधनको नाम	संक्षिप्त विवरण	संख्या	कैफियत
१.	**BRM/Cat/01/ 083-084**	**Ambulance**	Hard Top Jeep, 4WD, Right Hand Drive Model, minimum 2000 cc diesel Engine, Maximum Torque should not be less than 190 Nm.	१ (एक)	संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत Technical Specification बमोजिम हुनेछ ।

अन्य विस्तृत जानकारीको लागि कार्यालयको जिन्सी शाखामा (९८४५९०४६८२ सम्पर्क राख्न सकिनेछ साथै स्पेशिफिकेसनको लागि गाउँपालिकाको वेभसाईट : **www.bakaiyamun.gov.np** मा हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

Gauriganj Rural Municipality
Office of Rural Municipal Executive
Koshi Province
Gauriganj, Jhapa

Invitation for Sealed Quotation

First date of publication: 2083/06/12 B.S.
Second date of publication 2083/06/22 B.S.

1. Gauriganj Rural Municipality, Office of Rural Municipal Executive Re-invites bids from duly eligible and qualified registered bidders for the procument of below mentioned goods under Sealed quotation procedure. Some of the qualification criteria are mentioned below, through the details are in the bidding document.

Contract No	Description of Works	Bid Security Amount (NRs.)	Bid Document Price (NRs.)
GRMG/SQ/GOODS/ 01/2083-84	Supply of laboratory chemical and medical supplies for Mispa 13	53000.00	1000.00
GRMG/SQ/GOODS/ 02/2083-84	Supply of laboratory chemical and medical supplies for sodium potassium ST-200	29000.00	1000.00
GRMG/SQ/GOODS/ 03/2083-84	Supply of laboratory chemical and medical supplies for hematology analyzer AGAPPE mispa count plus 3 part and 5 part	40000.00	1000.00
GRMG/SQ/GOODS/ 04/2083-84	Supply of laboratory chemical and medical supplies for full option biochemistry DIATRON P500	96500.00	1000.00
GRMG/SQ/GOODS/ 05/2083-84	Supply of laboratory chemical and medical supplies for MAGLUMI X3	121000.00	1000.00

2. A complete set of Bidding Documents is available from office during office hours

Information to deposit the cost of bidding document in Bank:	Information to deposit the bid security amount in Bank:
Name of the Bank: NIC Asia Bank Ltd. Name of Office: Gauriganj Rural Municipality, Jhapa Ga 1.1 Aantarik Rajaswa Account no.: 0872050028409002	Name of the Bank: NIC Asia Bank Ltd. Name of Office: Gauriganj Rural Municipality, Jhapa Ga 3 Dharauti Khata Account no.: 0872050028426002

3. Sealed bids must be submitted to the office of Gauriganj Rural Municipal, Jhapa by hand before 15-10-2026 (2083/06/29 BS) 12:00 hours . Bids received after this deadline will be rejected.
4. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 15-10-2026 (2083/06/29 BS)) 13:00 hours at the office of Gauriganj Rural Municipal, Jhapa, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original submission deadline.

Chief Administrative officer

प्रभाव दैनिक
National Daily

सम्पादकीय

चाडपर्व सुरक्षामा प्रहरी-नागरिक सहकार्य

बडादसैं, तिहार, नेपाल संवत् तथा छठ जस्ता ठूला चाडपर्व नजिकिँदै गर्दा आमनागरिकमा खुसी र उत्साह छाएको छ । यही बेला सुरक्षाको डरले भने सर्वसाधारणलाई पिरोल्ने गर्छ । चाडपर्वको मौका पारेर चोरी, डकैती, ठगी, कालोबजारी र सवारी दुर्घटनाजस्ता आपराधिक एवं अवाञ्छित गतिविधि बढ्ने त्रास पनि उत्तिकै हुन्छ । यही सम्भावित जोखिमलाई मध्यनजर गर्दै नेपाल प्रहरीले बुधबार देखि 'चाडपर्व लक्षित सुरक्षा योजना-२०८३' लागू गरेको जानकारी दिएको छ । सुरक्षा योजनाअन्तर्गत ५० हजारभन्दा बढी जनशक्ति परिचालन गरिनु स्वागतयोग्य कदम हो ।

यस पटकको सुरक्षा योजनामा केही नवीन र प्रविधिमैत्री अभ्यासहरू समावेश गरिनु सकारात्मक पक्षको रूपमा लिनुपर्छ । विशेषगरी काठमाडौं उपत्यका छाड्ने लामो दूरीका सवारीसाधनका लागि पहिलोपटक 'सात दिनअघिको मेकानिकल टेस्ट रिपोर्ट' अनिवार्य गरिनु र दुई जना चालकको व्यवस्थामा कडाइ गरिनुले प्रहरी दुर्घटना न्यूनीकरणप्रति संवेदनशील भएको देखाउँछ । त्यसैगरी, काठमाडौंलगायत प्रमुख सहरका संवेदनशील क्षेत्रमा ड्रोन, सिसिटिभी र 'बडीवन' क्यामराको प्रयोग तथा सीमानाका र यात्रु आवतजावत हुने प्रमुख स्थानमा ५०० भन्दा बढी सहायता कक्ष स्थापना हुनुले नागरिकमा सुरक्षाको विश्वास जगाउँछ । हिंसाविरुद्ध अपनाइएको 'शून्य सहनशीलता'को नीति र प्रहरी अधिकारीहरूको कार्यसम्पादनलाई सुरक्षा व्यवस्थासँग जोड्ने कदम पनि स्वागतयोग्य छन् ।

तर, नेपालमा नीति र योजना कागजी रूपमा उत्कृष्ट देखिने तर कार्यान्वयनमा फितलो हुने पुरानै रोग हो । विगतका अनुभवले के देखाउँछन् भने चाडपर्वको मुखमा नाकाहरूमा हुने यात्रु ठगी, टिकटको कालोबजारी, र कोचाकोच यात्रु राख्ने प्रवृत्ति सतप्रतिशत रोकिन सकेको छैन । चेकपोस्टहरूमा कडाइका बाबजुद सडक दुर्घटनाको तथ्यांक उस्तै रहनुले कार्यसम्पादनमा कतै न कतै चुहावट भइरहेको संकेत गर्छ । त्यसैगरी, प्रविधिको प्रयोगको कुरा गरिए पनि दूरदराजका क्षेत्रसम्म त्यसको पहुँच पुग्न सकेको छैन ।

सुरक्षा योजनालाई केवल औपचारिक कार्यसूचीमा सीमित नराखी परिणाममुखी बनाउन प्रहरी प्रशासनको इमानदार र सक्रिय उपस्थिति अनिवार्य हुन्छ । यात्रु सहायता कक्षहरू देखावटीमात्र नभई वास्तविक अर्थमा पीडितको सहारा बन्नुपर्छ । उपभोक्तामाथि हुने कालोबजारी र गुणस्तरहीन खाद्यवस्तुको बिक्री नियन्त्रणका लागि स्थानीय प्रशासन र प्रहरीको निरन्तर अनुगमन आवश्यक छ ।

अन्ततः चाडपर्वको सुरक्षा केवल प्रहरीको एक्लो प्रयासलेमात्र सम्भव हुँदैन । नागरिक स्वयं पनि सतर्क र जिम्मेवार बन्नु उत्तिकै जरुरी छ । सुरक्षा योजनाका सकारात्मक पक्षहरूलाई व्यवहारमा उतार्दै प्रहरीले आफ्नो व्यावसायिकता र निष्पक्षता प्रमाणित गर्न सक्यो भनेमात्र आमनागरिकले वास्तविकरूपमा शान्त, सुरक्षित र मर्यादित वातावरणमा चाडपर्व मनाउन पाउने छन् । प्रहरी-नागरिकबीचको सहकार्यमा सुरक्षा योजना कार्यान्वयन गरिए यसबाट सकारात्मक नतिजा आउने निश्चित छ ।



■ डा. देवीप्रसाद आचार्य

> नेपाल यस्तो होस्, जहाँ नागरिकहरु आत्मिकरुपमा सुखी र आर्थिक अवस्थामा समृद्ध होऊन् । कृषि उत्पादनमा देश आत्मनिर्भर बनोस् । किसानहरु धनी तथा सम्मानित बन्न सकून् । युवा पलायन रोकियोस् । देशभित्र नै आयआर्जनका अवसरहरु सिर्जना होऊन् । शिक्षालयहरु अब्बलस्तरमा चलून् । शिक्षा गुणस्तरीय, अनुसन्धानमुखी तथा सिर्जनशील हुन सकोस् । विद्यालय र विश्वविद्यालयहरु राजनीतिक हस्तक्षेपको चपेटामा होइन, स्वतन्त्र, प्राज्ञिकस्थल बनून् । प्रशासनतन्त्रमा हुने गरेको ढिला, सुस्तीको अन्त्य हुन सकोस् । सरकारी सेवा प्रवाह जनमैत्री बनोस् । कर्मचारीहरु सुशासित, सेवामैत्री तथा पारदर्शी होऊन् ।

हामीले चाहेको नेपाल

त्रिभुवन विश्वविद्यालयको क्यान्टिनको केही पल 'नेपाल यस्तो होस्' भन्ने दृष्टिकोण निर्माणको संवादबाट हेर्दा खुला विश्वविद्यालय बन्यो । लामो समयसम्म विश्वविद्यालयको प्राध्यापन पेसामा संलग्न अर्थशास्त्रका विशेषज्ञ प्राध्यापक कृष्ण गुरुसँगको कफी गफले नेपाललाई कसरी विकास गर्न सकिन्छ भन्ने अनौपचारिक मार्गचित्रको खाका निर्माणमा महत्त्वपूर्ण बन्यो ।

कृष्ण सरको विद्यार्थी त म होइन, परन्तु विचार विमर्शको प्राज्ञिक निकटताले हामीहरूको मित्रवत पल नयाँ भने होइन । तथापि यो कफी गफको अवसर जुटाउने मित्र मुक्तिको योगदान प्रशंसनीय छ । मुक्तिकै आग्रहमा जुटेको यो संयोग कफीको चाहना मेटाउने कार्यमामात्र सीमित रहेन । सम्पूर्ण नेपालीले चाहेको 'देश निर्माण' गर्ने योजनाको हिसाबले अर्थपूर्ण रहयो ।

टेबलमा कफी नआइसकेको समयलाई उपयोग गर्दै कृष्ण सरले मुक्ति र मेरो अनुहारतिर हेर्दै भने, 'तिमीहरूलाई अबको नेपाल कस्तो होस् भन्ने लाग्छ ?' मुक्तिले मुसुक्क हाँस्दै सरल भाषामा भने, 'सुशासन र विकास । सबै क्षेत्रमा राम्रो होस् ।' कफीको कप टेबलमा राख्दै कृष्ण सरले मुक्तितिर हेर्दै भने, 'यो त किसान, मजदुर, विद्यार्थीदेखि नेताहरूसम्मले भन्ने गरेको विषय होइन र ?' उनले थपे, 'मैले सोधेको यो होइन, कस्तो देश बनाउन के गर्नुपर्छ भन्ने हो ।'

कृष्ण सरले कप मुखतिर सोझ्काउँदै म तिर हेरे । हामीले चाहेको 'देश यस्तो होस्' भन्ने अवसरको रूपमा म बोलें, 'एक वाक्यमा भन्नुपर्दा मौलिक पहिचानसहितको आधुनिक समाज सबैको चाहना हो । यसो गर्दा दुईवटा 'स्कुल अफ थट'लाई विकासको मोडेल बनाउनुपर्छ । एउटा मोडेल अल्पकालीन र अर्को दीर्घकालीन । मेरो कुराले कृष्ण सरलाई अलि चाख लागेछ क्यारे ! सरले अंग्रेजीमा प्रश्न तेर्स्याए, 'पहिलो र दोस्रो स्कूल अफ थटका योजनाहरू कति व्यावहारिक छन् ? आर दे एप्लिकेबल ?'



कृष्ण सरको प्रश्नको जवाफमा 'नेपाल यस्तो हुनुपर्छ भन्ने विचार व्यक्त गर्दा देशलाई पहिलो चरणमा कृषि क्षेत्रमा न्युजिल्याण्ड र इजरायल मोडेलमा विकास गर्नुपर्छ । यसो गर्दा यस क्षेत्रलाई आधुनिकीकरण, यान्त्रिकीकरण, बजारीकरण तथा व्यावसायीकरण गर्न आवश्यक हुन्छ ।' मैले यसो भनेर नभ्याउँदै कृष्ण सरले भने, 'यो कुरा नयाँ होइन । राजनीतिक दलहरूले भन्दै आएको विषय हो ।'

अँ हो सर । तर गरेको विषय होइन । अब गर्नुपर्छ भन्ने हो । यसो गर्दा राज्यले हरेक स्थानीय तहमा आधुनिक कृषि उत्पादनका तालिमहरू सञ्चालन गर्न आवश्यक हुन्छ । स्थानीय तहका किसान परिवार तथा बेरोजगार युवाहरूलाई त्यहाँको हावा, पानी, माटो तथा उत्पादनको सम्भावनाको आधारमा आधुनिक कृषि तथा पशुपन्छी पालनका तालिमहरू सञ्चालन गर्नुपर्छ । कतिपय पकेट क्षेत्रहरूमा त्यहीअनुरूपका उत्पादनका लागि तालिम दिनुपर्छ ।'

मैले थपें, 'हरेक पालिकाहरूमा आधुनिक जातका गाई, भैंसी, भेँडा, बाखा, कुखुरा, माछा पालन, माहुरी पालन, केरा, कागती, मेवालगायतका फल तथा पुष्पखेतीका लोभलाग्दा आधुनिक फार्महरू देशभरि हुन सकेमा यो क्षेत्रमा कृषि क्रान्तिको सुरुआत हुन्छ । राज्यले कृषि नीति, कार्ययोजना निर्माण गरी ६० प्रतिशतभन्दा बढीक कृषिमा संलग्न रहेको जनसंख्यालाई आधुनिक उत्पादनमा संलग्न गराउनुपर्छ । कृष्ण सरले टाउको हल्लाउँदै भने, 'अँ, गुड आइडिया ।' उनले भने, 'यसको साथै राज्यले ग्रामीण क्षेत्रको अर्थतन्त्र उकास्न कृषि उत्पादनमा आधारित उद्योगहरू स्थापना गर्न साहु, महाजन, व्यापारी तथा उद्योगपतिहरूलाई प्रोत्साहन गर्नुपर्छ ।'

कृष्ण सरको समर्थनले मलाई प्रेरित गऱ्यो, र मैले थपें । कृषि क्षेत्रको आधुनिकीकरणसँगै देश खाद्यान्नमा आत्मनिर्भर बन्ने छ । व्यापार घाटामा न्यूनीकरण हुने छ । माछा, मासु, फलफूल, तरकारीलगायतका क्षेत्रमा हुने उत्पादनसँगै किसान परिवारको आयआर्जनमा वृद्धि हुनुका साथै बेरोजगारीको समस्यालाई कृषि क्षेत्रले सहयोग गर्ने छ । किसानको खल्तीमा पैसा हुने छ । होइन र ?

कफी गफको निरन्तरतामा मुक्तिले भने, 'पर्यटन क्षेत्रको विकास पनि हाम्रोजस्तो देशमा सहजरूपमा गर्न सकिने विषय हो ।' मुक्तिको प्रश्नले कृष्णसरको मुहार उज्यालो भयो । उनले भने, 'ठीक भन्यौं । पर्यटनको कुरा गर्दा अहिले पर्यटन क्षेत्रको रूपमा चलिरहेका क्षेत्रहरूमा आवश्यक पूर्वाधार निर्माण गर्नुपर्छ । स्थानीय तहले आफ्ना पालिकामा रहेका ठाउँहरूलाई पहिचान गर्नुपर्छ । स्थानीय सरकारले आ-आफ्ना पालिकाहरूमा रहेका पर्यटकीय क्षेत्रहरूको पूर्वाधार विकास, प्रचारप्रसार तथा सञ्चालन गर्नका लागि प्रदेश र संघीय सरकारसँग सहकार्य गर्नुपर्छ । पर्यटकीय क्षेत्रमा आवश्यक पर्ने होटेल मोटेल, इन्टरनेट, जिपलाइन, केवलकारलगायतको क्षेत्रमा लगानी गर्न ठूला व्यापारी घराना, साहु, महाजनहरूसँग सहकार्य गर्नुपर्छ ।

मुक्तिको विचारलाई समर्थन गर्दै मैले थपे, 'पछिल्लो समयमा धार्मिक पर्यटनको रूपमा अर्घाखाँची जिल्लाको सुपा देउराली धार्मिक महत्त्व बढेर हरेक दिन हजारौंको संख्यामा धार्मिक पर्यटक पुग्ने गर्छन् । त्यसैगरी हरेक जिल्लामा रहेका धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक पर्यटकीय क्षेत्रहरूको पहिचान, प्रचारप्रसार, पूर्वाधार निर्माणलगायतका कामहरू गर्नुपर्छ ।

विचार विमर्शकै क्रममा कृष्ण सरले कफीको कप ओठतिर सोझ्चाउँदै म तिर पुलुक्क हेर्दै भने, 'शिक्षाकोबारेमा तिमीले विचार राख्दा कसो होला ?' कृष्ण सरको प्रश्नको जवाफमा मैले भनें, 'अबको शिक्षा हिजो र आजको ढाँचा र शैलीमा चलाउनु हुँदैन । शिक्षा देश विकासको आधार भएकोले यस क्षेत्रको रूपान्तरण आवश्यकमात्र होइन, अनिवार्य सर्त हो । यसो गर्दा राज्य, शिक्षक र अभिभावकको त्रिपक्षीय भूमिका आवश्यक ठानिन्छ । शिक्षा क्षेत्रको रूपान्तरणका लागि राज्य, शिक्षक तथा अभिभावकको भूमिका प्रभावकारी बनाउनुपर्छ ।

राज्यले शिक्षा नीतिमा परिवर्तन, समयसापेक्ष पाठ्यक्रम निर्माण तथा शिक्षण सिकाइमा सुधार आवश्यक ठानिन्छ । पाठ्यक्रमलाई व्यावसायिक, सीपमूलक, व्यावहारिक, अनुसन्धानमुखी तथा जीवन उपयोगी बनाउनुपर्छ । यसो गर्दा राज्यले प्राज्ञिक क्षमताको उपयोग गर्न देशका प्राज्ञिक, विज्ञ, विशेषज्ञ, तथा थिंक ट्यांकसँग सहकार्य गर्नुपर्छ । शिक्षक छनोट, शिक्षक व्यवस्थापन तथा शैक्षिक जनशक्तिको मनोविज्ञान उठाउनुपर्छ ।

कफीको कप टेबलमा राख्दै मैले थपें- युरोप, अमेरिका, अस्ट्रेलियालगायतका विकसित राष्ट्रहरूको विद्यालय र विश्वविद्यालयहरूको अवस्थाले त्यहाँको विकासको महत्त्वपूर्ण भूमिका खेलेका छन् । आजका विकसित राष्ट्रहरूको विकासको आधार त्यहाँको शिक्षा हो । विकसित राष्ट्रहरूले विद्यालय र विश्वविद्यालयको शिक्षण पेसालाई अत्यन्त मर्यादित एवं प्राज्ञिकरूपमा हेर्ने गरेको पाइन्छ । शिक्षक प्राध्यापकहरू हरेक क्षेत्रमा आवश्यक पर्ने सक्षम जनशक्ति उत्पादन गर्ने अब्बलस्तरका प्राज्ञिक पुँजीको रूपमा हेरेको देखिन्छ । प्रतिभावान् एवं सक्षम जनशक्तिलाई शिक्षण पेसा आकर्षक गर्ने नीतिगत प्रबन्ध गरेको पाइन्छ । हाम्रो देशको सन्दर्भमा उत्कृष्ट विद्यार्थीहरूको रोजाइ शिक्षण पेसा होइन; डाक्टर, इञ्जिनियर, पाइलट, अधिकृत, सुब्बा, बैंकिङ क्षेत्रलगायत रहेका देखिन्छ । अनि शिक्षण सिकाइ कसरी गुणस्तरीय हुन सक्छ ?

देशका शिक्षण संस्थाहरूलाई भौतिकरूपमा सम्पन्न बनाउँदै शिक्षण पेसालाई मेरिटोक्रेसीमा सञ्चालन गर्ने नीतिगत व्यवस्था गर्नुपर्छ । शिक्षण पेसालाई आकर्षक बनाउन शिक्षक प्राध्यापकहरूलाई आर्थिक, सामाजिक तथा पेसागत मर्यादाको स्तर उकास्नुपर्छ । अभिभावकको भूमिका सक्रिय हुनुपर्छ ।

कृष्ण सरको सुन्ने धैर्यता र जिज्ञाषा कफीको गिलास रित्तिइसकेपछि पनि रोकिएन । उनले मुक्तितिर हेर्दै भने, 'हाम्रो प्रशासनतन्त्र कस्तो होस् जस्तो लाग्छ ?' मुक्तिले भने, 'सरकारी कार्यालयहरूमा संलग्न कर्मचारीहरू हँसिला, मिजासिला, जनसेवामुखी तथा इमान्दार हुनुपर्छ । अबको नेपालमा कर्मचारीहरू जनताको सेवालाई सहज, सरल र छिटोछरितो रूपमा सम्पन्न गर्न सेवामुखी हुनुपर्छ ।

गिलास टेबलमा राख्दै मुक्तिले थपे, 'एकातिर प्रशासनतन्त्रमा रहेको प्रक्रियागत झण्झटिलो प्रक्रियालाई बदल्नुपर्छ भने अर्कोतिर कर्मचारीहरूले सर्वसाधारणभन्दा आफूलाई सुकिलो, मुकिलो जानिफकार व्यक्ति ठान्ने मनोविज्ञानबाट मुक्त हुन आवश्यक छ । कर्मचारीतन्त्रमा रहेको राजनीतिक आशीर्वाद, नातावाद, कृपावाद र लक्ष्मीवादजस्ता क्रियाकलापहरूको अन्त्य गरिनुपर्छ । कर्मचारीहरू मालिक होइन, सेवक भएको आत्मानुभूतिबाट प्रशिक्षित हुनुपर्छ ।

सारमा कफी गफको त्रिपक्षीय निष्कर्ष- 'नेपाल यस्तो होस्' जहाँ नागरिकहरू आत्मिकरूपमा सुखी र आर्थिक अवस्थामा समृद्ध होऊन् । कृषि उत्पादनमा देश आत्मनिर्भर बनोस् । किसानहरू धनी तथा सम्मानित बन्न सकून् । युवा पलायन रोकियोस् । देशभित्र नै आयआर्जनका अवसरहरू सिर्जना होऊन् । शिक्षालयहरू अब्बलस्तरमा चलून् । शिक्षा गुणस्तरीय, अनुसन्धानमुखी तथा सिर्जनशील हुन सकोस् । विद्यालय र विश्वविद्यालयहरू राजनीतिक हस्तक्षेपको चपेटामा होइन, स्वतन्त्र, प्राज्ञिकस्थल बनून् । प्रशासनतन्त्रमा हुने गरेको ढिला, सुस्तीको अन्त्य हुन सकोस् । सरकारी सेवा प्रवाह जनमैत्री बनोस् । कर्मचारीहरू सुशासित, सेवामैत्री तथा पारदर्शी होऊन् ।

श्रम सरोकार

निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्यागा नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

पाठक मञ्च

न्यायपालिकाको साख जोगाऊ

सर्वोच्च अदालतमा चार जना न्यायाधीश सिफारिस गर्ने न्याय परिषद्को निर्णयले न्याय क्षेत्र र आमनागरिक वृत्तमा गम्भीर चिन्ता र बहस सिर्जना गरेको छ । पाँच सदस्यीय न्याय परिषद्का दुई प्रभावशाली सदस्य (वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल र परिषद् सदस्य महेश नेपाल)ले नै सिफारिसको विधि, प्रक्रिया र वरिष्ठताक्रम मिचिएको भन्दै फरक मत (डिसेन्ट) राख्नुले यो निर्णय कति विवादित र अपारदर्शी छ भन्ने प्रस्ट पार्छ ।

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको परिकल्पना गरेको छ । न्यायलयप्रतिको जनआस्था नै यसको सबैभन्दा ठूलो सामर्थ्य र पुँजी हो । तर, जब न्यायाधीश नियुक्तिकै चरणमा वरीयता र वरिष्ठतालाई पन्छाएर मनपरी र अपारदर्शी ढंगले नामहरू छनोट गरिन्छ, तब सिंगो न्याय प्रणालीको जग नै धर्मराउन पुग्छ ।

उच्च अदालतका मुख्य न्यायाधीशहरू र वरिष्ठताको अगाडि रहेका सक्षम न्यायाधीशहरूलाई पन्छाएर कुन वस्तुपरक आधार, मापदण्ड र कार्यसम्पादन मूल्यांकनका आधारमा तलका कनिष्ठहरूलाई सर्वोच्चमा ल्याइयो भन्नेबारे परिषद्को निर्णय मौन छ । कुनै पनि संस्थामा वरिष्ठलाई छाडेर कनिष्ठलाई अगाडि बढाउँदा त्यसको स्पष्ट, तर्कसंगत र पत्यारिलो औचित्य खुलाउनुपर्छ । यदि न्याय दिने निकाय आफैं निर्णय प्रक्रियामा वस्तुपरक आधार देखाउन सक्दैन भने त्यसले गर्ने न्यायसम्पादनमा कसरी जनविश्वास कायम रहन सक्छ ?

वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लले औंल्याएको मुद्दा केवल एक-दुई व्यक्तिको छनोटसँग मात्र सम्बन्धित छैन । यो त समग्र न्यायपालिकामा विधि र पद्धतिको पालना, समावेशी सिद्धान्तको अवलम्बन र नेपाल बार एसोसिएसनलगायत सरोकारवाला निकायहरूसँगको समन्वयसँग जोडिएको छ । न्याय परिषद्भित्रै बहुमत र अल्पमतको आधारमा भागबण्डा वा दबाबकाबीच निर्णय हुने परिपाटी बस्दै जाने हो भने त्यसले विगतदेखि मौलाउँदै आएको विकृत परम्परालाई थप मलजल गर्ने छ । बार एसोसिएसनका अध्यक्षले व्यक्त गरेको असन्तुष्टि र चिन्ता पनि यसै विकृतिको निरन्तरतातर्फ संकेत हो ।

प्रधानन्यायाधीश वा सर्वोच्चका न्यायाधीश नियुक्तिका क्रममा पटक-पटक वरीयता र विधि मिचिने शृंखला दोहोरिनु लोकतान्त्रिक पद्धति र शक्ति पृथकीकरणको सिद्धान्तका लागि शुभ संकेत होइन । यस प्रकारका राजनीतिक वा व्यक्तिगत स्वार्थप्रेरित हस्तक्षेपले निष्ठापूर्वक काम गरिरहेका तल्लो तहका न्यायाधीशहरूको मनोबल गिराउने काम गर्छ ।

त्यसैले, न्यायाधीश नियुक्ति प्रक्रियालाई राजनीतिक प्रभाव, व्यक्तिगत रुचि र गुटबन्दीबाट मुक्त राखिनुपर्छ । अब यो विषय केवल संसदीय सुनुवाइ समितिको औपचारिकतामा मात्र सीमित हुनु हुँदैन । संसदीय सुनुवाइ समितिले पनि परिषद्भित्र परेका फरक मत, उठाइएका गम्भीर प्रश्नहरू र वरिष्ठता मिचिनुको औचित्यमाथि सूक्ष्म छानविन र विवेकपूर्ण निर्णय लिनु आवश्यक छ ।

न्यायपालिकाको धर्मिलिँदै गएको साख जोगाउन, ढल्किँदै गएको जनआस्था पुनःस्थापित गर्न र कानुनी शासनको रक्षाका लागि न्याय परिषद्ले आगामी दिनमा न्यायाधीश सिफारिस गर्दा वस्तुपरक, पारदर्शी, समावेशी र पूर्वस्थापित विधि तथा वरिष्ठताको अनिवार्य पालना गरोस् भन्ने खबरदारी गर्न चाहन्छु ।

- **कृष्ण पन्थी**
कानुनका विद्यार्थी, भक्तपुर

चाडपर्व सुरक्षामा खटाइयो ५० हजार प्रहरी

सार्वजनिक यातायातमा 'मेकानिकल टेस्ट रिपोर्ट' अनिवार्य

काठमाडौं– बडादसैं, दीपावली, नेपाल सम्वत् र छठ पर्वको सुरक्षा व्यवस्थालाई भरपर्दो र विश्वसनीय तुल्याउन नेपाल प्रहरीले बुधबारदेखि 'चाडपर्व लक्षित सुरक्षा योजना-२०८३' लागू गरेको छ ।

पर्वको समयमा आमनागरिकको जनजीवन सामान्य तुल्याउन, बैंक तथा वित्तीय संस्थासँग हुने कारोबार सुरक्षित गराउन, विभिन्न गन्तव्यमा जाने यात्रीसमेतलाई पूर्णसुरक्षाको प्रत्याभूति दिलाउन सुरक्षा योजना लागू गरिएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिए ।

'चाडपर्वको मौका छोपी चोरी डकैती, जुवातास एवं सट्टेबाजी, अन्तर्राष्ट्रिय सीमानाकामा तस्करी र सीमा अपराध हुन सक्छन्,' उनले भने, 'यस्ता आपराधिक क्रियाकलाप नियन्त्रण गर्न व्यापक प्रहरी परिचालन गरिएको छ ।'

विस्फोटक पदार्थको ओसारपसार, भन्सार छली, बैंक वित्तीय संस्थामा चोरी डकैती, लुटपाट, खाद्यान्न, लत्ताकपडा र उपभोग्य वस्तुको कृत्रिम अभाव, कालोबजारी, म्याद गुज्रिएका वा मिसावटयुक्त सामग्रीको बिक्री, हुण्डी र नक्कली नोट कारोबारलगायतलाई प्रहरीले सुरक्षा चुनौती औंल्याएको छ ।

चाडपर्वमा सुरक्षा व्यवस्था चुस्त बनाउन करिब ५० हजारभन्दा बढी प्रहरी खटाइएको केन्द्रीय प्रहरी प्रवक्ता काफ्लेले बताए । ४०८ स्थानमा यात्रु सहायता र अन्तर्राष्ट्रिय सीमानाकामा १०८ वटा सहायता कक्ष स्थापना



गरिएको छ । काठमाडौं उपत्यका प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय एवं जिल्ला प्रहरी कार्यालयमा कमाण्ड पोस्ट स्थापना र त्यहाँबाट प्रहरी परिचालनको व्यवस्था मिलाइएको प्रवक्ता काफ्लेले जानकारी दिए ।

यस अवधिमा प्रहरीले पैदल, मोबाइल र ग्रामीण गस्ती गर्ने छन् । चेकप्वाइन्ट तथा ट्राफिक प्रहरीसहितको चेकजाँचको व्यवस्था मिलाइएको छ भने सरकारी एवं महत्त्वपूर्ण संस्थाहरू, कारागारलगायत कार्यालयको सुरक्षाको व्यवस्था मजबुत पारिएको छ ।

प्रविधि र सूचनामा आधारित सुरक्षा

प्रहरीले चाडपर्व सुरक्षा योजनाको कार्यान्वयनमा ड्रोन, सिसिटिभी, 'बडीवन' क्यामरालगायत सञ्चार उपकरण र प्रविधिको प्रयोग गर्ने भएको छ । काठमाडौं उपत्यकालगायत प्रमुख सहरको मुख्य बजार तथा सपिङ मल, मार्ट, बैंक तथा वित्तीय संस्था, सुनचाँदी तथा बहुमूल्य वस्तुको कारोबार हुने क्षेत्रलाई विशेष निगरानीमा राखिएको छ । महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय एवं ज्येष्ठ नागरिकमाथि हुन सक्ने हिंसामा शून्य सहनशीलताको रणनीति अपनाइएको छ ।

दुर्घटना न्यूनीकरणको विशेष योजना

चाडपर्वका समयमा काठमाडौं उपत्यकाबाट लाखौं यात्रु बाहिरिने अनुमान गरिएको छ । सवारी दुर्घटना र जनधनको क्षति न्यूनीकरणका लागि सवारी चालकको अनुमतिपत्र (लाइसेन्स) जाँच तथा लामो दूरीमा दुई जना चालक अनिवार्य राख्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिने प्रहरीले जनाएको छ ।

'सिट क्षमताभन्दा बढी यात्रु राख्न नदिने, सबै सवारीसाधनले सात दिनअघिको 'मेकानिकल टेस्ट रिपोर्ट' पेस गर्नुपर्ने छ,' प्रवक्ता काफ्लेले भने । प्रहरीले नेपालमा पहिलो पटक मेकानिकल टेस्ट रिपोर्ट अनिवार्य गर्न लागेको हो ।

काठमाडौं उपत्यकाबाट बाहिरिने सवारीसाधनमा यात्रुलाई दुःख दिने, हैरानी दिने, टिकट महँगोमा बिक्री गर्ने, कालोबजारी गर्ने, सिट नभएको टिकट जारी गर्ने प्रवृत्ति अन्त्य गर्ने प्रहरीले लक्ष्य लिएको छ । चाडपर्वको समयमा नागरिकको सुरक्षा, सहज आवागमन, दुर्घटना न्यूनीकरण गर्नेमा प्रहरीको ध्यान केन्द्रित भएको प्रवक्ता काफ्लेले बताए ।

'चाडपर्वको बेलामा बढ्न सक्ने दुर्घटना कमी ल्याउन मातहतको निकायलाई निर्देशन भइसकेको छ,' उनले भने, 'यो चाडपर्वमा विगतको भन्दा अझ शान्त, सुरक्षित, मर्यादित, व्यवस्थित र भरपर्दो सुरक्षा व्यवस्थाको प्रबन्ध गरिएको छ ।' प्रहरीले सुरक्षा व्यवस्थालाई कार्यसम्पादनसँग जोडेर हेरेको छ । 'जिल्ला प्रहरी प्रमुख र प्रदेश प्रहरी कार्यालयको प्रमुखको कार्यसम्पादन सुरक्षा व्यवस्थासँग जोडेर हेरिएको छ,' उनले भने ।

चाडपर्वको समयमा आउनसक्ने विपद्का विभिन्न घटनासँग जुध्न प्रहरीले विशेष टोली तैनाथ गरेको छ । विपद् व्यवस्थापन गुल्मका प्रहरी कर्मचारीलाई २४ सै घण्टा उद्धार, खोज, राहत तथा सुरक्षा व्यवस्थाका लागि तैनाथी अवस्थामा राखिएको प्रवक्ता काफ्लेले जानकारी दिए । *रासस*

रेबिज निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना स्वीकृत

काठमाडौं (प्रस)– स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले रेबिज रोग निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८३/८४-२०८७/८८) स्वीकृत गरेको छ । रणनीतिले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट लाग्ने रेबिजबाट हुने मानव मृत्यु शून्यमा झार्ने लक्ष्य लिएको मन्त्री निशा मेहताको सचिवालयले जनाएको हो ।

नेपालमा रेबिज प्राणघातक जुनोटिक रोगका रूपमा रहेको र समयमै खोप लगाएमा रेबिजबाट हुने मृत्यु पूर्णरूपमा रोक्न सकिने रणनीति दस्तावेजमा उल्लेख छ । आर्थिक वर्ष २०८१/८२ मा कुकुर तथा रेबिज गराउन सक्ने अन्य जनावरको टोकाइका दुई लाख २३ हजार ५१० घटना रिपोर्ट भएकोमा ९६ प्रतिशत घटना कुकुरको टोकाइबाट हुने र रेबिजका ९९ प्रतिशत कारण कुकुरको टोकाइ रहेको उल्लेख छ ।

रणनीतिअनुसार रेबिज नियन्त्रणका लागि निगरानी तथा प्रयोगशाला परीक्षण सुदृढीकरण, कुकुरमा सामूहिक खोप अभियान, कुकुरको संख्या व्यवस्थापन, कुकुरको टोकाइ तथा चिथोराइको एकीकृत व्यवस्थापन मानिसमा रेबिजविरुद्धको खोप तथा इम्युनोग्लोबुलिनको पहुँच विस्तार लगायतका कार्यक्रम सञ्चालन गरिने छ । साथै क्षमता विकास, जोखिम सञ्चार, सामुदायिक सहभागिता र अनुसन्धानलाई समेत प्राथमिकता दिइएको छ ।

रणनीतिले कुकुरमा ७० प्रतिशत खोप कभरेज पुऱ्याउने, मानिसमा सहज खोप पहुँच सुनिश्चित गर्ने तथा प्रयोगशाला र रोग निगरानी प्रणाली सुदृढ गर्ने लक्ष्यसमेत अघि सारेको छ । रणनीति कार्यान्वयनका लागि संघीय तथा प्रादेशिक संरचनाका साथै जिल्ला र स्थानीयस्तरमा परिकल्पना गरिएका समितिमार्फत सम्बन्धित निकायले वार्षिक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ । कार्यान्वयनबाट रेबिजको निगरानी सुदृढ हुने, जोखिममा रहेका कुकुरमा खोपको पहुँच बढ्ने र कुकुरको टोकाइ व्यवस्थापनलाई एकीकृत बनाउने अपेक्षा गरिएको छ ।

रेबिजविरुद्धको रोकथाममूलक तथा उपचार सेवाको पहुँच र उपलब्धता सुधार गर्ने तथा सरकार, स्थानीय समुदाय, नागरिक समाज, निजी क्षेत्र र अन्तर्राष्ट्रिय साझेदारबीच समन्वय बढाउने लक्ष्यसमेत रणनीतिले राखेको छ ।

जापानमा रोजगार कम्पनी : KUROSHIO BUSINESS COOPERATIVE ASSOCIATION

पूर्व स्वीकृति मिति : २०८१/१०/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२१ | LT. No. 337780 | चलानी नं. ६०२५२१०५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब YEN	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Scaffold Worker	2	0	215000	२,१०,३४७	का.नि अनुसार	७ घण्टा	५ दिन	नि:शुल्क	कं.नि अनुसार	छैन	छैन	३ वर्ष

कम्पनी : HATONOIE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८१/१०/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२१ | LT. No. 337980 | चलानी नं. ६०२५२१०४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब YEN	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	सेवा शुल्क	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Caregiver	3	3	188700	१,८४,६१६	कं.नि अनुसार	७ घण्टा	५ दिन	नि:शुल्क	कं.नि अनुसार	छैन	छैन	३ वर्ष

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर ५८ वर्ष पुरा भई ७० वर्ष नननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता सोझा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिसकेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता सोझा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिसकेको हुनुपर्ने । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू बसोवास रहेको सम्बन्धित प्रशिक्षण, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल प्रहरी आपराधि पुष्ट: कायमा लगायतेमु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्नै आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातहरु प्रतिलिपि ।
९. दरखास्त दुमजाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थी छनौटे (सेवा शुल्क, यातायात, भिसा तथा प्रदर्शन खर्च समेतको) कुल खर्च: रु०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा वैदीयकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विमाबाट गराइएको जानकारी:
१) आफूनो नाममा मिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिले गई रकम बुझाउनु होला । कुनैपनि रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सधैमा राख्नुहोला । आफू बसोवास गर्ने ठाउँमा नेपाली दूतावास वा दूतावासको शाखा कार्यालय छ भने दर्ता गराउनुहोला । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कमिसनाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पनि लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने पेसा, सुविधा र अन्य शर्तबारे राम्रोसँग बुझ्नु पर्नेछ । ६) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कम्पनिलाई नतिर्नुहोला । ७) यस विज्ञापन मन्जुरीमा परेमा वैदेशिक रोजगार विभाग तहतापनमा सम्पर्क गर्नुहोला ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २४ गते (15th Oct. 2026) मा हुनेछ ।

रहदेशमा गरिने फि मेडिकल सर्व गरायो भने र बसि आयो	रोजगार कम्पनिले मेडिकल सर्व दिने / बहिने	रहदेशमा गरिने बिमा सर्व गरायो भने र बसि आयो	रोजगारमा बिमा हुने/बहुने र गरायो भने	हवाई टिकट गरायो दिने र बसि आयो	भिषा शुल्क गरायो दिने र बसि आयो	सामाजिक सुरक्षा कोष गरायो दिने र बसि आयो (सहसहस्य)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क बसि आयो र गरायो भने	भिषा स्टाम्पिङ शुल्क गरायो भने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९५/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	७०,०००/-	रोजगारदाता कम्पनीले	

वैदेशिक रोजगार विमाबाट गराइएको जानकारी: १) आफूनो नामको भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला । कुनैपनि रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सधैमा राख्नुहोला । आफू बसोवास गर्ने ठाउँमा नेपाली दूतावास वा दूतावासको शाखा कार्यालय छ भने दर्ता गराउनुहोला । ३) यस विज्ञापन मन्जुरीमा उल्लेख भएको भन्दा बढि रकम कमिसनाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पनि लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने पेसा, सुविधा र अन्य शर्तबारे राम्रोसँग बुझ्नु पर्नेछ । ६) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कम्पनिलाई नतिर्नुहोला । ७) यस विज्ञापन मन्जुरीमा परेमा वैदेशिक रोजगार विभाग तहतापनमा सम्पर्क गर्नुहोला ।

साउदीमा रोजगार कम्पनी : KIYU AL SAUDIYYA COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२१ | LT. No. 344731 | चलानी नं. ६०१५८१२८ | सेवा शुल्क: १०,०००

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Load unload Worker	7	0	1200	४१,३२८	कं.नि अनुसार	८ घण्टा	६ दिन	कं.नि अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २४ गते (15th Oct. 2026) मा हुनेछ ।

रहदेशमा गरिने फि मेडिकल सर्व गरायो भने र बसि आयो	रोजगार कम्पनिले मेडिकल सर्व दिने / बहिने	रहदेशमा गरिने बिमा सर्व गरायो भने र बसि आयो	रोजगारमा बिमा हुने/बहुने र गरायो भने	हवाई टिकट गरायो दिने र बसि आयो	भिषा शुल्क गरायो दिने र बसि आयो	सामाजिक सुरक्षा कोष गरायो दिने र बसि आयो (सहसहस्य)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क बसि आयो र गरायो भने	भिषा स्टाम्पिङ शुल्क गरायो भने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९५/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	७०,०००/-	रोजगारदाता कम्पनीले	

वैदेशिक रोजगार विमाबाट गराइएको जानकारी: १) आफूनो नामको भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला । कुनैपनि रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सधैमा राख्नुहोला । आफू बसोवास गर्ने ठाउँमा नेपाली दूतावास वा दूतावासको शाखा कार्यालय छ भने दर्ता गराउनुहोला । ३) यस विज्ञापन मन्जुरीमा उल्लेख भएको भन्दा बढि रकम कमिसनाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पनि लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने पेसा, सुविधा र अन्य शर्तबारे राम्रोसँग बुझ्नु पर्नेछ । ६) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कम्पनिलाई नतिर्नुहोला । ७) यस विज्ञापन मन्जुरीमा परेमा वैदेशिक रोजगार विभाग तहतापनमा सम्पर्क गर्नुहोला ।

साउदीमा रोजगार कम्पनी : BRANCH OF SINOPEC TENTH CONSTRUCTION COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८३/०६/२१ | LT. No. 349248 | चलानी नं. ६०२६१३०३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Scaffolder	10	0	1500	६०,९८३	Little	Little	६ दिन	Little	छ		२ वर्ष
2	Wood worker	35	0	1500	३०,९८३							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २४ गते (15th Oct. 2026) मा हुनेछ ।

रहदेशमा गरिने फि मेडिकल सर्व गरायो भने र बसि आयो	रोजगार कम्पनिले मेडिकल सर्व दिने / बहिने	रहदेशमा गरिने बिमा सर्व गरायो भने र बसि आयो	रोजगारमा बिमा हुने/बहुने र गरायो भने	हवाई टिकट गरायो दिने र बसि आयो	भिषा शुल्क गरायो दिने र बसि आयो	सामाजिक सुरक्षा कोष गरायो दिने र बसि आयो (सहसहस्य)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क बसि आयो र गरायो भने	भिषा स्टाम्पिङ शुल्क गरायो भने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९५/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	७०,०००/-	रोजगारदाता कम्पनीले	

वैदेशिक रोजगार विमाबाट गराइएको जानकारी: १) आफूनो नामको भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला । कुनैपनि रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सधैमा राख्नुहोला । आफू बसोवास गर्ने ठाउँमा नेपाली दूतावास वा दूतावासको शाखा कार्यालय छ भने दर्ता गराउनुहोला । ३) यस विज्ञापन मन्जुरीमा उल्लेख भएको भन्दा बढि रकम कमिसनाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पनि लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने पेसा, सुविधा र अन्य शर्तबारे राम्रोसँग बुझ्नु पर्नेछ । ६) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कम्पनिलाई नतिर्नुहोला । ७) यस विज्ञापन मन्जुरीमा परेमा वैदेशिक रोजगार विभाग तहतापनमा सम्पर्क गर्नुहोला ।

साउदीमा रोजगार कम्पनी : SECURE SUPPLY CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८३/०६/२१ | LT. No.349139 | चलानी नं. ६०२६२२५८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	L/Unloading Labor	1	0	1000	८१,९०३	कं.नि अनुसार	८ घण्टा	६ दिन	कं.नि अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज २४ गते (15th Oct. 2026) मा हुनेछ ।

रहदेशमा गरिने फि मेडिकल सर्व गरायो भने र बसि आयो	रोजगार कम्पनिले मेडिकल सर्व दिने / बहिने	रहदेशमा गरिने बिमा सर्व गरायो भने र बसि आयो	रोजगारमा बिमा हुने/बहुने र गरायो भने	हवाई टिकट गरायो दिने र बसि आयो	भिषा शुल्क गरायो दिने र बसि आयो	सामाजिक सुरक्षा कोष गरायो दिने र बसि आयो (सहसहस्य)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क बसि आयो र गरायो भने	भिषा स्टाम्पिङ शुल्क गरायो भने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९५/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	७०,०००/-	रोजगारदाता कम्पनीले	

वैदेशिक रोजगार विमाबाट गराइएको जानकारी: १) आफूनो नामको भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला । कुनैपनि रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सधैमा राख्नुहोला । आफू बसोवास गर्ने ठाउँमा नेपाली दूतावास वा दूतावासको शाखा कार्यालय छ भने दर्ता गराउनुहोला । ३) यस विज्ञापन मन्जुरीमा उल्लेख भएको भन्दा बढि रकम कमिसनाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पनि लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने पेसा, सुविधा र अन्य शर्तबारे राम्रोसँग बुझ्नु पर्नेछ । ६) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कम्पनिलाई नतिर्नुहोला । ७) यस विज्ञापन मन्जुरीमा परेमा वैदेशिक रोजगार विभाग तहतापनमा सम्पर्क गर्नुहोला ।

कतारमा रोजगार कम्पनी : ES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८३/०६/२५ | LT. No.349102 | चलानी नं. ६०२६२२६७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	MANICURIST/PEDICURIST	0	3	1700	७१,९०१	कं.नि अनुसार	८ घण्टा	६ दिन	कं.नि अनुसार	छ		२ वर्ष

कम्पनी : AL BATOL BEAUTY CENTER

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 349103 | चलानी नं. ६०२६२२६८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Technician, Beauty	0	2	2000	८४,६००	कं.नि अनुसार	८ घण्टा	६ दिन	कं.नि अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २४ गते (15th Oct. 2026) मा हुनेछ ।

रहदेशमा गरिने फि मेडिकल सर्व गरायो भने र बसि आयो	रोजगार कम्पनिले मेडिकल सर्व दिने / बहिने	रहदेशमा गरिने बिमा सर्व गरायो भने र बसि आयो	रोजगारमा बिमा हुने/बहुने र गरायो भने	हवाई टिकट गरायो दिने र बसि आयो	भिषा शुल्क गरायो दिने र बसि आयो	सामाजिक सुरक्षा कोष गरायो दिने र बसि आयो (सहसहस्य)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क बसि आयो र गरायो भने	भिषा स्टाम्पिङ शुल्क गरायो भने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९५/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	७०,०००/-	रोजगारदाता कम्पनीले	

वैदेशिक रोजगार विमाबाट गराइएको जानकारी: १) आफूनो नामको भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला । कुनैपनि रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सधैमा राख्नुहोला । आफू बसोवास गर्ने ठाउँमा नेपाली दूतावास वा दूतावासको शाखा कार्यालय छ भने दर्ता गराउनुहोला । ३) यस विज्ञापन मन्जुरीमा उल्लेख भएको भन्दा बढि रकम कमिसनाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पनि लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने पेसा, सुविधा र अन्य शर्तबारे राम्रोसँग बुझ्नु पर्नेछ । ६) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कम्पनिलाई नतिर्नुहोला । ७) यस विज्ञापन मन्जुरीमा परेमा वैदेशिक रोजगार विभाग तहतापनमा सम्पर्क गर्नुहोला ।

युएइमा रोजगार कम्पनी : NEW TRINITY TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०६/२१ | LT. No. 348144 | चलानी नं.६०२६२२६०

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	FALSE CEILING INSTALLER	1	0	1500	६२,९४७	कं.नि अनुसार	८ घण्टा	६ दिन	कं.नि अनुसार	छ		२ वर्ष
2.	ASSISTANT TILE LAYER	1	0	1500	६२,९४७							
3.	Plasterer Mason	1	0	1500	६२,९४७							
4.	Plumber Assistant	1	0	1500	६२,९४७							
5.	Assistant Building Painter	1	0	1500	६२,९४७							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २४ गते (15th Oct. 2026) मा हुनेछ ।

| रहदेशमा गरिने फि मेडिकल सर्व गरायो भने र बसि आयो | रोजगार कम्पनिले मेडिकल सर्व दिने / बहिने | रहदेशमा गरिने बिमा सर्व गरायो भने र बसि आयो | र

प्रभाव दैनिक

रूपशाला

९० दिनमा सकियो सौगात अभिनीत 'जुबा'को छायांकन

सौगात मल्लको मुख्य भूमिका रहेको चलचित्र 'जुबा'को छायांकन सम्पन्न सकिएको छ । अस्त्र फिल्मसको प्रस्तुतिमा निर्माण भएको चलचित्रको छायांकन ९० दिनमा पूरा भएको निर्माण टिमले जानकारी दियो । चलचित्र नेपालको सर्लाही, दाप्चा, काठमाडौँ र भक्तपुरसँगै भारतको राजस्थानमा छायांकन गरिएको हो । अस्त्र फिल्मसको ब्यानरमा निर्मित चलचित्र 'जुबा'की निर्मात्री सजना थापा हुन् भने सहनिर्माता शेखर पाण्डे हुन् । चलचित्रको कथा तथा निर्देशन प्रकाश कर्णको रहेको छ भने लेखन वर्षा पौडेलले गरेकी छन् । चलचित्रमा सौगात मल्लसँगै सोफी धरेल र सुधन पोखरेल मुख्य भूमिकामा छन् । सोफीले यसै चलचित्रबाट अभिनयमा डेब्यु गर्दैछिन् । चलचित्रको कथावस्तु अहिले गोप्य राखिएको छ ।



चलचित्र '१२ गाउँ २'को 'रेशमी रूमाल' सार्वजनिक



■ प्रभाव संवाददाता

काठमाडौं – अभिनेता विराज भट्टको निर्देशन तथा निर्माणमा तयार भएको चलचित्र '१२ गाउँ २' प्रदर्शनको संघारमा पुगेसँगै यसको प्रचार सामग्रीले दर्शकको ध्यान लगातार तानिरहेको छ । एक्सनप्रधान टिजरबाट चर्चा बटुलेको चलचित्रले गीतमार्फत आफ्नो अर्को पक्ष पनि विस्तारै खुलाउँदै लगेको छ । चलचित्रको प्रचार यात्रामा सार्वजनिक भएको 'जुनेली' पहिलो गीत थियो । सुगम पोखरेलको स्वर रहेको गीतमा समीर भट्ट र कृशु शाहीलाई प्रेमिल भावमा प्रस्तुत गरिएको थियो । गीतमा उनीहरूको नृत्यसँगै समीरको डान्स र ब्रेकडान्सले पनि चर्चा पाएको थियो ।

त्यसपछि सार्वजनिक 'लालीगुराँस'ले '१२ गाउँ २'को प्रेमकथालाई अझ नजिकबाट देखायो । एक्सनले भरिएको टिजर हेरेपछि चलचित्रमा केवल द्वन्द्व र बदलाको कथा मात्रै होला कि भन्ने अनुमान भइरहेका बेला 'लालीगुराँस'ले समीर र कृशुको प्रेमिल जोडीलाई केन्द्रमा राख्दै चलचित्रभित्रको रोमान्टिक पाटो पनि बलियो रहेको संकेत दिएको थियो ।

यही क्रमलाई अगाडि बढाउँदै बुधबार 'रेशमी रुमाल' सार्वजनिक भएको छ । गीतको भिडियोमा विराज भट्ट र वर्षा इटानीको जोडीलाई केन्द्रमा राखिएको छ । '१२ गाउँ २'को अघिल्ला सामग्रीभन्दा फरक अनुभूति दिने प्रयास गीतमा देखिन्छ । चलचित्रलाई एक्सनको आवरणमा प्रस्तुत गरिए पनि यसको कथामा प्रेम र सम्बन्धको पाटो पनि महत्वपूर्ण रहेको संकेत गीतहरूले दिइरहेका छन् ।

विशेषगरी 'रेशमी रुमाल'को प्रस्तुति हेर्दा निर्माण पक्षले चलचित्रका गीतलाई केवल प्रचार सामग्रीका रूपमा नभई कथाको भावनात्मक पक्षसँग जोड्ने प्रयास गरेको देखिन्छ । 'जुनेली'ले सुरुवातमा समीर-कृशुको जोडीलाई दर्शकमाझ चिनायो भने 'लालीगुराँस'ले उनीहरूको प्रेमलाई थप नजिक ल्यायो । अब 'रेशमी रुमाल'ले विराज र वर्षाको जोडीको सम्बन्धलाई अर्को तहमा पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

'१२ गाउँ २'को सबैभन्दा ठूलो आकर्षण भने यसको एक्सन नै हो । फिल्मको टिजर सार्वजनिक हुँदा निर्माण पक्षले एक्सन, द्वन्द्व र बदलाको कथालाई प्राथमिकतामा राखेको स्पष्ट संकेत गरेको थियो । तर गीतहरू सार्वजनिक हुँदै जाँदा फिल्ममा एक्सनसँगै प्रेम, भावना र पारिवारिक सम्बन्धको पाटो पनि रहेको देखिँदै गएको छ । यसले फिल्मप्रतिको दर्शकको उत्सुकता अझ बढाएको छ । किनकि एक्सन फिल्मको अपेक्षा गरेर हल पुग्ने दर्शकले त्यहाँ केवल द्वन्द्व मात्रै नभई प्रेमकथा र भावनात्मक उतारचढाव पनि पाउने संकेत गीतहरूले गरेका छन् ।

चलचित्रमा बिराज, समीर, कृशु र वर्षाका अलावा अनुपविक्रम शाही, प्रकाश शाह, सुनील पोखरेल, कालु राना, खुसी कार्की, पुष्कर भट्ट, राज हमाल, प्रजल दुलाल, कमल देवकोटा, साहित सिंह ठकुरी, अर्जुन आचार्य, शिवा सिंह, नेहा आर शाह, पूर्णबहादुर गन्धर्व र सुदीर श्रेष्ठलगायतका कलाकारको अभिनय छ । यही चलचित्रबाटबाट कृशु शाही (काफिया) र वर्षा इटनीले नेपाली रजतपटमा डेब्यु गर्दैछन् ।

दशैंको अवसरमा असोज ३० गते प्रदर्शनमा आउन लागेको '१२ गाउँ २'ले नेपाली फिल्मको ठूलो चाड मानिने दशैंमा दर्शक तान्न यही मिश्रणलाई आफ्नो प्रमुख हतियार बनाउने देखिन्छ । एक्सन, प्रेम, नयाँ पुस्ताका कलाकार र विराज भट्टको नामसँग जोडिएको ब्रान्ड यी सबै कारणले यो चलचित्रप्रति अहिले नै दर्शकको चासो बढेको छ । सिनेमामा युग भुसाल र डीपी खनालको संगीत, बन्दे प्रसादको सम्पादन, रामजी लामिछाने र सियोन श्रेष्ठको नृत्य निर्देशन तथा स्टन्ट सिल्मा र शंकर महर्जनको द्वन्द्व निर्देशन रहेको छ । सिनेमाको वितरण काफिया फिल्मस् र कुबेर सिनेमाले गर्नेछन् ।

रंगशाला

एन्फा अध्यक्ष र महासचिवसहित चार जनाविरुद्ध मुद्दा चलाउन सिआइबीको सिफारिस

■ प्रभाव संवाददाता

काठमाडौं– अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष र महासचिवसहित चार जनाविरुद्ध मुद्दा चलाउन प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले सिफारिस गरेको छ ।

एन्फाभित्र भएको भनिएको आर्थिक अनियमितताबारे सीआईबीले अनुसन्धान प्रतिवेदन बुधबार सरकारी वकिलको कार्यालयमा बुझाएको छ । प्रतिवेदनमा एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ, महासचिव किरण राई, कोषाध्यक्ष रविन्द्र जोशी र लेखापाल सञ्जीव पाण्डेलाई प्रतिवादी बनाउन सिफारिस गरिएको छ ।

सीआईबीका अनुसार उनीहरूबाट कुल ६६ लाख ५३ हजार रूपैयाँ बराबरको अनियमितता भएको निष्कर्ष निकालिएको छ । सीआईबीले बुझाएको प्रतिवेदनमा राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को परिच्छेद ७ को दफा ३१ अन्तर्गत खेलमा मिलेमतो (म्याच फिक्सिङ) तथा अनियमिततासम्बन्धी कसुर, राष्ट्रहितविरुद्धको कसुर र ठगीसम्बन्धी कसुरमा मुद्दा चलाउन सिफारिस गरिएको हो ।

सीआईबीले गत २ असोजमा एन्फा सातदोबाटो, ललितपुरमा छापा मारेर कोषाध्यक्ष जोशी र लेखा अधिकृत पाण्डेलाई पक्राउ गरेको थियो । सीआईबीका अनुसार राष्ट्रिय खेलकुद परिषद् (राखेप)को पत्र तथा वसन्त रिजालको निवेदन/जाहेरीका आधारमा खेलमा मिलेमतो तथा अनियमितता र ठगीसम्बन्धी कसूरको अनुसन्धान गर्न उनीहरूलाई नियन्त्रणमा लिएको थियो ।

अध्यक्ष नेम्वाङ र महासचिव राई भने फरार रहेको सीआईबीले जनाएको छ ।

आइसिसी विश्व लिग क्रिकेट-२ तयारी

नेपालद्वारा ओमान 'ए' पराजित



■ प्रभाव संवाददाता

काठमाडौं– आइसिसी विश्व लिग क्रिकेट-२ को तयारीमा रहेको नेपाली राष्ट्रिय क्रिकेट टोलीले अभ्यास खेलमा बुधबार ओमान 'ए' लाई दुई विकेटले पराजित गरेको छ ।

ओमान क्रिकेट एकेडेमी टर्फ-२ मा भएको पहिलो अभ्यसा खेलमा ओमान 'ए' ले नेपाललाई जितका लागि १६१ रनको लक्ष्य दिएको थियो । तर अभ्यास खेल भएकाले नेपालले लक्ष्य बढाउने निर्णय गरेसँगै २४० रनको नयाँ लक्ष्य बोकेर ब्याटिङ गरेको थियो । त्यसपछि २४० रनको लक्ष्य नेपालले ४८ दशमलव २ ओभरमा ८ विकेट गुमाउदै पूरा गऱ्यो ।

नेपालका लागि इशान पाण्डेले सर्वाधिक ७२ रनको योगदान दिए । त्यसैगरी आसिफ शेखले ३७, देव खनालले ३४ तथा गुल्शनकुमार झाले ३० रनको योगदान दिए । दिपेन्द्रसिंह ऐरीले १९ रन बनाए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको ओमान 'ए'ले ३९.५ ओभरमा सबै विकेट गुमाउँदै १६० रन बनाएको थियो । ओमान 'ए'का लागि कप्तान हम्माद मिर्जाले सर्वाधिक ५४ रन बनाए । त्यसैगरी जिक्रिया इस्लामले ३५ तथा सन्जु सजीवले ३४ रन बनाए ।

बलिङतर्फ नेपालका लागि नन्दन यादवले तीन तथा करण केसी र सन्दीप लामिछानेले दुई/दुई विकेट लिए । त्यस्तै गुल्शनकुमार झा, ललितनारायण राजवंशी र शाहब आलमले एक एक विकेट लिए ।

ओमानमा नेपाल, ओमान र क्यानडा सम्मिलित तीन राष्ट्रले यसै साता आइसिसी विश्वकप लिग-२ अन्तर्गतको एकदिवसीय शृंखला खेल्दैछन् ।

साउदीमा रोजगार

कम्पनी : SISCO CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०६/२१ | LT. No. 349154 | चलानी नं. ६०१६२१८३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	DRIVER (HEAVY LICENSE)	5	0	1800	७३,९८६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २४ गते (15th Oct. 2026) मा हुनेछ ।

रहदेशमा गरिने फ्री मेडिकल गर्न लाग्ने खर्च	रोजगार कम्पनीले मेडिकल गर्न लाग्ने खर्च	रहदेशमा गरिने बिमा गर्न लाग्ने खर्च	रोजगारमा बिमा हुने/नहुने	हवाई टिकट गरिदिने	बिमा शुल्क गरिदिने	सामाजिक सुरक्षा कोष गरिदिने	कल्याणकारी कोष गरिदिने	सेवा शुल्क	अभिमुखिकरण शुल्क	बिमा स्टाम्पिङ शुल्क
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २४९५/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	रु.७,०००/-	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा लिँदा प्राप्त भई जाने निश्चित भरपर्दो मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमिसाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानु अघि आफ्नो सीप, क्षमता, योग्यता, अनुभव, काम गर्ने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम गर्ने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ७) कागमा विदेश जाँच नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचालना सम्पर्क गर्नुहोला ।

HALESI OVERSEAS PVT LTD

Govt. License No. 1161/073/74

Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com

कतारमा रोजगार

कम्पनी : QATAR ALUMINUM EXTRUSION COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०६/२० | LT. No. 349045 | चलानी नं. ६०१६२१३१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	materials handler(store helper)	2	0	1000	४२,३००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २४ गते (15th Oct. 2026) मा हुनेछ ।

रहदेशमा गरिने फ्री मेडिकल गर्न लाग्ने खर्च	रोजगार कम्पनीले मेडिकल गर्न लाग्ने खर्च / मिति	रहदेशमा गरिने बिमा गर्न लाग्ने खर्च	रोजगारमा बिमा हुने/नहुने	हवाई टिकट गरिदिने	बिमा शुल्क गरिदिने	सामाजिक सुरक्षा कोष गरिदिने	कल्याणकारी कोष गरिदिने	सेवा शुल्क	अभिमुखिकरण शुल्क	बिमा स्टाम्पिङ शुल्क
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २४९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिना प्राप्त भई जाने निश्चित भरपर्दो मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमिसाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम गर्ने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कागमा विदेश जाँच नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचालना सम्पर्क गर्नुहोला ।

EXCELLENT MANPOWER SERVICES PVT.LTD.

श्रम इजाजत नं. १९२८/०७४/७५

Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517

E-mail :- excellentmanpower1328@gmail.com, Website:- www.excellentmanpowerservices.com.np

साउदीमा रोजगार

कम्पनी : Altilad Alarabiya Est

पूर्व स्वीकृति मिति : २०८३/०६/२१ | LT. No. 348741 | चलानी नं. ६०१६२१९१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners and Multipurpose Workers	3	0	1700	६९,८७६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २४ गते (15th Oct. 2026) मा हुनेछ ।

रहदेशमा गरिने फ्री मेडिकल गर्न लाग्ने खर्च	रोजगार कम्पनीले मेडिकल गर्न लाग्ने खर्च / मिति	रहदेशमा गरिने बिमा गर्न लाग्ने खर्च	रोजगारमा बिमा हुने/नहुने	हवाई टिकट गरिदिने	बिमा शुल्क गरिदिने	सामाजिक सुरक्षा कोष गरिदिने	कल्याणकारी कोष गरिदिने	सेवा शुल्क	अभिमुखिकरण शुल्क	बिमा स्टाम्पिङ शुल्क
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२४९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

